संघीय संसद

राष्ट्रिय सभा

# संघीय शासन प्रणाली सवलीकरण विषयक अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

(लुम्बिनी प्रदेश)



संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति

संघीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं

२०७९

संघीय संसद

राष्ट्रिय सभा

# संघीय शासन प्रणाली सवलीकरण विषयक अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

(लुम्बिनी प्रदेश)

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति
संघीय संसद सचिवालय
सिंहदरबार, काठमाडौं

२०७९

सम्पर्क नं.: ०१-४२००४९१, ४२००१३३, ४२०००२१
ईमेलः scommittee_na@parliament.gov.np
वेवः https://na.parliament.gov.np/np

## समितिको भनाई

संविधान सभामार्फत २०७२ असोज ३ गते जारी संविधानले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ । संविधान र कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्न सक्ने र तीनै तहको एकल र साझा अधिकारका सूची संविधानमा छ । एकात्मक व्यवस्थाको सिङ्गो राज्यको शक्तिलाई तीन तहका बीचमा विभक्त गरिनुलाई राज्यव्यवस्थामा आएको ठूलो परिवर्तनका रूपमा लिनुपर्दछ ।

संघीय इकाइ अर्थात संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्छन् । यसैगरी आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्दछन् ।

संघीय इकाइहरू आफ्नो एकल अधिकारभित्रको विषयमा कानुन बनाउन स्वायत्त छन् । तर साझा अधिकारका विषयमा कानुन बनाउदा समन्वय र सहकार्य गर्नुपर्ने आशय संविधानको छ । संघीय इकाइ बीचको सम्वन्ध पनि सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने व्यवस्था संविधानमा छ, जस अनुसार एक तहले अर्को तहको अस्तित्वलाई स्वीकार गर्ने र कानुन, नीति निर्माण लगायतका विषयहरूमा समन्वय र सहकार्य गर्नुपर्दछ भन्ने आशय संविधानको छ ।

२०७२ मा संविधान जारी भएतापनि यसको विधिवत् कार्यान्वयन २०७४ मा भएको तीनै तहको निर्वाचन पश्चात् मात्र भएको हो । राज्यशक्तिको अधिकार सहितको तीन तहको सरकारको व्यवस्थाबाट नेपालले संघीयता कार्यान्वयनमा विल्कुल नयाँ प्रयोगको थालनी गरेको छ । नयाँ शासन व्यवस्थामा केही समस्या र द्विविधा हुनु स्वभाविक नै हो । यी समस्याहरूको समाधान समेतमा सरकारको यथेष्ट ध्यानाकर्षणका लागि राष्ट्रिय सभामा २०७९ जेष्ठ १९ मा संकल्प प्रस्ताव पेश भएको थियो । यसै संकल्प प्रस्तावका आधारमा सभाले संघीयता कार्यान्वयन सम्बन्धमा राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत लगायत सबै पक्षको अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्न २०७९ जेष्ठ २० मा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन गरेको थियो । कार्यप्रारम्भ गरेको मितिले चार महिनाको समयावधी तोकिएको समितिले विधिवत् कार्यको थालनी २०७९ जेष्ठ २७ बाट गरेको थियो ।

बजेट अधिवेशनको व्यस्तताकाबीच समितिले सातवटै प्रदेशमा प्रदेशस्तरीय अन्तर्क्रियाकार्यक्रम आयोजना गर्ने क्रममा लुम्बिनी प्रदेशमा मिति २०७९ साउन ६ र ७ गते संघीय शासन प्रणाली सवलीकरण विषयक अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त अन्तर्क्रियाकार्यक्रममा राजनीतिक दल, नागरिक समाज, मुख्यमन्त्री, प्रदेशका सभामुख, प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका सदस्य, स्थानीय तहका पदाधिकारी, संचारकर्मी, निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्र लगायतका व्यक्ति तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा व्यक्त विचारहरुको आधारमा संघीय शासन प्रणाली सवलीकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन तयार गरी पेश गरेको छौं। समितिलाई प्रभावकारी रूपमा कार्यसम्पादन गर्न मार्गदर्शन गर्नुहुने र अन्तर्क्रिया कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहन गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलका नेताहरू, कार्यक्रममा उपस्थित भएर आफ्नो राय सुझाव प्रदान गर्नुहुने राष्ट्रिय सभाका माननीय सदस्यहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं। अन्तर्क्रिया कार्यक्रममा महत्त्वपूर्ण सुझावहरू प्रदान गर्नुहुने सातै प्रदेशका मुख्यमन्त्रीहरू, पुर्वमुख्यमन्त्रीहरू, मन्त्रीहरू, प्रदेश सभाका सभामुख र प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षहरू, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्रका प्रतिनिधीहरू, नागरिक समाजका प्रतिनिधिहरूप्रति विशेष धन्यवाद छ ।

प्रदेशस्तरीय र पालिकास्तरीय अन्तर्क्रियाकार्यक्रमहरूको व्यवस्थापकीय कार्यमा सहयोग पुऱ्याउने प्रदेश सरकार, प्रदेश सभा र सम्बन्धित पालिका तथा समितिको केही प्राविधिक एवं समन्वयकारी सहयोगका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विशेष धन्यवाद छ ।

नेपाल सरकारका माननीय मन्त्रीहरू, मुख्यसचिव, मन्त्रालयका सचिव, प्रमुख सचिव, विभिन्न आयोगहरू, विभागहरू तथा अन्य निकायका पदाधिकारीहरू, समितिको काममा समन्वयात्मक रूपमा सहयोग पुऱ्याउनु हुने संघीय संसद्का महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालय सचिव, राजनीतिक दलका प्रतिनिधिहरू, समितिको कार्यलाई प्रत्यक्ष र परोक्ष रूपमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने विषय विज्ञहरू, विभिन्न विषयका सरोकारवाला पक्षहरू, संचारकर्मीहरू समितिका सचिव र समितिमा कार्यरत कर्मचारीहरू लगायत प्रत्यक्ष/परोक्ष सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

अन्तमा, हामीलाई राष्ट्रिय सभाको सिङ्गो बैठकबाट विश्वास गरेर जुन भूमिका र जिम्मेवारी प्रदान भयो, यसका लागि पुनः सम्मानीय अध्यक्ष लगायत राष्ट्रिय सभाका सबै माननीयहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

धन्यवाद ।

| | | |
|---|---|---|
| संयोजक | - | मा. खिमलाल देवकोटा |
| सदस्य | - | मा. उदय बहादुर बोहोरा |
| सदस्य | - | मा. प्रकाश पन्थ |
| सदस्य | - | मा. प्रमिला कुमारी |
| सदस्य | - | मा. माया प्रसाद शर्मा |
| सदस्य | - | मा. रामचन्द्र राई |
| सदस्य | - | मा. डा. विमला राई पौड्याल |

२०७९ साउन १५

## कार्यकारी सारांश

नयाँ संविधानले तीन तहको शासन प्रणालीको व्यवस्था गरेको छ। यहि संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहको पहिलो कार्यकाल पुरा भई दोस्रो कार्यकालको पनि निर्वाचन सम्पन्न भई आ.व. ०७९/८० को नीति कार्यक्रम तथा बजेट पास गरिसकेका छन्। यसका साथै प्रतिनीधी सभा र प्रदेशसभाको निर्वाचनको तयारी पनि अहिले भई रहेको छ। सबै तहका व्यवस्थापिकाहरूले एक कार्यकाल पुरा गरिसकेको अवस्थामा संघीय संसद अन्तर्गतको राष्ट्रिय सभाले नेपालमा संघीयता कार्यान्वयनको स्थिति लेखाजोखा गर्न 'संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन सम्बन्धी संसदीय विशेष समित' गठन गरी सभाले दिएको कार्यादेश अनुसार उक्त समितिले अध्ययन तथा अनुगमनको प्रकृया अगाडि बढाएको छ।

विगतमा राज्यका व्यवहारबाट पछाडि पारिएका र परेका वर्ग, जाति, समुदाय, वा सांस्कृतिक समूह वा क्षेत्रको राज्यका सबै प्रकृयामा अधिकतम पहुँच बढाउने, सहभागी बनाउने तथा यसका निम्ती उपयुक्त र सहज वातावरण निर्माण गर्ने संघीय शासन प्रणालीको उद्देश्य हो। विगत २५० वर्षभन्दा लामो अवधिको एकात्मक र केन्द्रीकृत शासन व्यवस्थाको चरित्र भत्काएर मुलुकको जातीय, भाषिक, सांस्कृतिक एवम अन्य विविधतालाई सम्मान गर्दै शोषित, उत्पीडित एवम सीमान्तकृत समुदायका नागरिकलाई राज्य संयन्त्रको सबै इकाईमा अधिकार स्थापित गर्नु हो। त्यसैले संघीयता कार्यान्वयनको हाल सम्मको अवस्था के छ ? उपलब्धीहरू के के प्राप्त भए ? र सवालहरू के छन्? भन्ने विषयमा सबै प्रदेशमा छलफल गर्ने सिलसिलामा लुम्बिनी प्रदेशमा २०७९ श्रावण ६ र ७ गते सरोकारवाला निकायका प्रमुखहरूको वृहत भेलामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्षहरू, राजनीतिक दलका प्रतिनीधिहरू, नागरिक समाजका प्रतिनिधि, विज्ञहरू, कर्मचारीहरू लगायतको सहभागीता रहेको थियो।

कार्यक्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्षले तहगत सरकारहरू बीच समन्वयमा कमी भएको तथा प्रदेश र स्थानीय तहको क्षमता अपेक्षित रूपमा विकास हुन नसकेको कुरा आफ्नो मन्तव्यमा उल्लेख गर्नुभयो। समस्याहरू थैरै थोरै सबै तहमा छन् तर सुधारको शुभारम्भ सर्वप्रथम संघीय सरकारबाट हुनुपर्ने विचार व्यक्त गर्नुभयो। लुम्बिनी प्रदेशका मुख्यमन्त्रीले संघीयता लागु भएपश्चात लुम्बिनी प्रदेशमा कानुन निर्माणमा उल्लेख्य प्रगति भएको र प्रदेश गौरवका आयोजनाहरू अगाडी बढाउन सफल भएको बताउनु भयो। यसै बीच उपलब्ध स्रोत र साधनको उपयोग उचित रूपमा हुन नसकेको कुरा स्वीकार गर्नुभयो।

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक तथा कार्यक्रमका सभापतिले यो अन्तर्क्रिया राजनीतिक, वित्तीय, र प्रशासनिक संघीयतामा आधारित हुने कुरा प्रष्टयाउनु भएको थियो। उक्त कार्यक्रममा राष्ट्रिय सभामा प्रमुख प्रतिपक्षी दलका नेता माननीय

खिमलाल भट्टराई, लुम्बिनी प्रदेश सभाका सभामुख, उपसभामुख, मन्त्री, प्रदेश सभाका माननीय सदस्यहरू, स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष, प्रदेश तथा जिल्ला स्तरका राजनीतिज्ञहरू, संघीय संसदका महासचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, नागरिक समाजका प्रतिनिधि, पत्रकार, लुम्बिनी प्रदेशका प्रमुख सचिव, रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी, लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालयका सचिवहरू, योजना आयोगका पदाधिकारीहरू लगायतले आ-आफ्नो धारणा राखु भएको थियो।

संघीयता कार्यान्वयनमा जटिल मानिएको कर्मचारी समायोजनको कार्य सम्पन्न भएको। विगतमा केन्द्रमा खासगरी सिंहदरवारमा सीमित रहेको सेवा नगरिकको घर नजिक पुगेको। संघीयता लागु भएपछि संघबाट २०७९ असार मसान्त सम्ममा १२१ नयाँ ऐन निर्माण गरिएको र ४४ वटा ऐन संशोधन भएका छन्। त्यस्तैगरी प्रदेश र स्थानीय तहहरूले पनि आफुलाई आवश्यक ऐनहरू निर्माण गरेका छन्। प्रदेश र स्थानीय तहले आवधिक योजनाहरूका साथै विषयगत गुरुयोजनाहरू समेत बनाई आफ्नो गन्तव्य र लक्ष्य किटान गरी विकासमा अग्रसर भएका छन्। महत्त्वपूर्ण उपलब्धि हुँदा हुँदै पनि केही सवालहरू पनि अनुभव भएका छन्। मुलतः तीन तहबीच पर्याप्त सहकार्य हुन नसकेको, संघीयता कार्यान्वयनमा प्रमुख दलहरू र संघीय सरकार उदासिन रहेको, संघीय कर्मचारी ऐनको अभावमा प्रदेश र स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा सोचेजस्तो काम गर्न नसकिएको। प्रदेशको एकल अधिकार सूचिमा प्रदेश प्रहरी अग्रस्थानमा भएतापनि अहिले सम्म प्रहरी ऐन ल्याउन नसकिएको। धेरै जस्तो योजनाहरू दोहोरिएको, संघीयताको बारेमा आम नागरिकमा वितृष्णा बढेको। संघीयताको लाभ आम नागरिकले भन्दा राजनीतिक दलका नेता तथा कार्यकर्ताले बढी मात्रमा लिएको। संघीयताले आम नागरिक बिशेषतः पिछडिएको वर्ग र समूहलाई जुन रूपमा सशक्तिकरण गर्नुपर्ने थियो सो हुन नसकेको लगायतका विषयवस्तुहरू उठान भएका थिए।

संघीयतका कारण केही उपलब्धीहरू हासिल भएको भएतापनि नागरिकको अपेक्षा बमोजिम कार्य गर्न नसकेको कुरा स्वीकारिएको थियो। हिजोको एकात्मक राज्य प्रणालीलाई विस्थापन गरी तीन तहको सरकार गठन भएसँगै सिंहदरबारको अधिकार गाउँगाउँमा पुगेको कुरालाई संघीयताको मुख्य उपलब्धिको रूपमा लिँदै यस उपलब्धीले नेपालमा समतामूलक समाजको निर्माणमा अहम भुमिका खेल्ने कुरामा सबैबाट विश्वास व्यक्त भएको थियो।

# विषयसूची

कार्यकारी सारांश ........ i

## परिच्छेद एकः परिचय

१.१ पृष्ठभूमी ........ १

१.२ उद्देश्य ........ ३

१.३ अन्तर्क्रिया विधि ........ ४

१.४ प्रतिवेदनको सीमा ........ ४

१.५ प्रतिवेदनको स्वरुप ........ ५

## परिच्छेद दुईः संघीयता कार्यान्वयनको स्थिती

२.१ मुख्य गतिविधी ........ ६

२.२ उपलब्धी ........ ७

## परिच्छेद तीनः अन्तर्क्रियाका उपलब्धीहरू

## परिच्छेद चारः मुख्य सवालहरू

## परिच्छेद पाँचः निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ........ १९

५.२ सुझावहरू ........ २०

## सन्दर्भसूची

## अनुसूचीहरू

अनुसूची १- सङ्कल्प प्रस्ताव ........ २३

अनुसूची २- समिति सचिवालयका कर्मचारी ........ २५

अनुसूची ३- अन्तर्किया कार्यक्रम गरिएको लुम्बिनी प्रदेशको परिचय ........ २६

अनुसूची ४- अन्तर्क्रिया कार्यक्रमको कार्यक्रम ढाँचा ........ २८

अनुसूची ५- अन्तर्क्रिया कार्यक्रमका केही झलकहरू ........ ३०

अनुसूची ६- अन्तर्क्रिया कार्यक्रममा सहभागिता सम्बन्धी मापदण्ड ........ ३१

अनुसूची ७- अन्तर्क्रिया कार्यक्रमका सहभागीबाट व्यक्त धारणाहरुको विस्तृतीकरण ........ ३२

अनुसूचि ८- लुम्बिनी प्रदेश सभाबाट पारित भएका विधेयकहरुको विवरण ........ ४७

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमी

लोकतान्त्रिक राज्यव्यवस्थामा राज्य शक्तिको स्रोत जनतालाई मानिन्छ र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरुद्वारा नै गरिन्छ । व्यवस्थापिका अर्थात संसद जनप्रतिनिधिमुलक संस्था हो । यसको मुख्य कार्य जनताको हितमा नीति तथा कानून निर्माण, सरकार गठन, बजेट पारित गर्नु, सरकारको कामकारवाहीको निगरानी गरी सरकारलाई जवाफदेही र उत्तरदायी बनाउनु हो । अन्तराष्ट्रिय अभ्यास हेर्दा संघीय शासन प्रणालीमा व्यवस्थापकीय अङ्गको स्वस्वरुप निर्धारण गर्दा केन्द्रीय तहमा दुई सदनात्मक संघीय व्यवस्थापिका र राज्य तहमा आवश्यकता अनुसार एक वा दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको पाइन्छ । नेपालको संविधानले द्विसदनात्मक संघीय व्यवस्थापिका, एक सदनात्मक प्रदेश व्यवस्थापिका (प्रदेश सभा) र स्थानीय व्यवस्थापिकाको रुपमा गाउँ सभा र नगर सभाको व्यवस्था गरेको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा आधारित देश हो । विविधता, आवश्यकता र विशिष्टता अनुरुप शासन प्रबन्ध आफैंले गर्ने स्वतन्त्रताको सुनिश्चितता संघीय शासनमार्फत हुने भएकोले पछिल्ला दशकहरुमा यसको अभ्यास गर्ने लहर विश्वभर विस्तारै बढ्दै गएको पाइन्छ। त्यस्तैगरी लोकतान्त्रिकरणको लहरसँगै सेवाप्रवाहको जिम्मेवारी नागरिकका नजिकका सक्षम निकायलाई दिइनुपर्दछ भन्ने मान्यताको विकास हुँदै जाँदा तल्लो तहका सरकारहरुको महत्व स्थापित हुँदै गएको पनि पाइन्छ । यसैक्रममा वि.स. २०७२ मा जारी गरिएको नयाँ संविधानले नेपालमा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेछन् भनी तीन तहको शासन प्रणालीको व्यवस्था गरेको छ ।

संविधान वमोजिम संघमा संघीय सरकार, प्रदेशमा प्रदेश सरकार र स्थानीय तहमा स्थानीय सरकार गरी तीन तहका सरकारहरु रहेका छन् । संघमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अलग अलग अंगहरुले शक्ति पृथकीकरणको सिद्दान्त वमोजिम कार्य सम्पादन गर्छन्। त्यसैगरी प्रदेश तहमा समेत कानू बनाउने, कानूनको कार्यान्वयन गर्ने र कानूको व्याख्या गर्ने निकायबीच स्पष्ट भिन्नता छ । तर स्थानीय तह प्रत्यक्ष रुपमा सेवा प्रवाह गर्ने तह भएको र आधारभूत प्रकृतिका कार्यहरु मात्र सम्पादन गर्ने भएकाले पालिकामा एउटै संरचनाभित्र अलग कार्य गर्ने गरी कार्यविभाजन भएको पाइन्छ र तीन प्रकारका अंगहरु स्पष्ट रुपमा छुट्टिंदैनन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो। संविधानले तीन तहहरु बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व, र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने

कुरा प्रष्ट्याएको छ । मुलुकमा यसै अनुरुप नै संघीय शासन प्रणालीको अभ्यास वि.स. २०७४ मा सम्पन्न तीनै तहको निर्वाचनहरु पश्चात शुरु भएको छ।

नेपालको संविधानको धारा ८३ अनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन सहितको संघीय संसद रहने व्यवस्था छ । संसदको अभिन्न अङ्गको रुपमा राष्ट्रिय सभा र प्रतिनीधि सभा रहेका छन्।संविधानको परिधी, ऐनहरूको प्रावधान र आपसी समन्वयका आधारमा संघीय शासन प्रणालीको सवलीकरणका लागि दुवै सदनले प्रभावकारी रूपमा काम गरिरहेको पाइन्छ। राष्ट्रिय सभा प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले निर्वाचित गरेर पठाएका जनप्रतिनिधिको सभा भएकोले यो संघीयताको संरक्षक सभा पनि हो । राष्ट्रिय सभामा प्रदेश र स्थानीय तहका सवालहरु बारम्बार सदस्यहरुबाट उठान भइरहेका हुन्छन् ।

विभिन्न तहहरु बीच कसिलो अन्तरसम्बन्ध, सवल वित्तीय संघीयता, कामयावी प्रशासनिक संघीयता, कानुन तर्जुमाको गतिशिलता र सेवा प्रवाहको प्रभावकारितामा संघीयताको सफलता निर्भर रहेको छ। तर सरकारका विभिन्न तहहरु बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने संवैधानिक व्यवस्था भएतापनि यसको पालना राम्रो सँग हुन नसकेको, अपर्याप्त जनशक्ति र क्षमताका कारण प्रदेश र स्थानीय तहले अपेक्षाकृत उपलब्धी हासिल गर्न नसकेको, अधिकार र जिम्मेवारी प्रदेश र स्थानीय तहमा गएतापनि विभिन्न आयोजनाका नाममा संस्थागत संरचनाहरु थप गर्ने प्रवृतिमा कमि नआएको, सरकारका तहहरु र राज्यसंरचना बीचको गतिशिलता, सहकार्य र समझदारीमा कमीका कारण नागरिक प्रतिको जवाफदेहिता र उत्तरदायित्वको भावनामा ह्रास आएको गुनासाहरु व्यापक रुपमा उठ्ने गरेका छन् ।

सभा उठ्ने सवाल तथा आमरुपमा उठ्ने गरेका गुनासाहरु लगायत संघीयता कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानका लागि नेपाल सरकार लगायतका निकायहरुको यथेष्ट ध्यानार्कषण गराई संविधानले परिकल्पना गरेको उद्धेश्य पुरा होस् भनी संघीयता कार्यान्वयन सम्वन्धी राष्ट्रिय सभामा दर्ता भएको संकल्प प्रस्तावमाथि २०७९ जेष्ठ १९ गते छलफल भई सर्वसम्मतीले उक्त प्रस्ताव स्वीकृत भएको थियो । सभाले उक्त संकल्प प्रस्तावमा समावेश भएका विषयहरुको कार्यान्वन गर्न सरकारलाई निर्देशन पनि गरेको छ । संघीयता कार्यान्वयन सम्वन्धी संकल्प प्रस्ताव अनुसूची -१ मा समावेश गरिएको छ ।

राष्ट्रिय सभाको २०७९ जेठ २० गतेको बैठकबाट राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १६७ वमोजिम संकल्प प्रस्तावका प्रस्तावक माननीय खिमलाल देवकोटाको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी सात सदस्यीय "**संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति**" गठन भएको थियो।

संयोजक - मा. खिमलाल देवकोटा

सदस्य - मा. उदय बहादुर बोहोरा

सदस्य - मा. प्रकाश पन्थ

सदस्य - मा. प्रमिला कुमारी

सदस्य - मा. माया प्रसाद शर्मा

सदस्य - मा. रामचन्द्र राई

सदस्य - मा. डा. विमला राई पौड्याल

समितिको सचिवालयको रुपमा राष्ट्रिय सभाको सभा सञ्चालनसँग सम्वन्धित कर्मचारीहरुलाई तोकिएको थियो। सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-२ मा समावेश गरिएको छ।

उक्त समितिलाई संघीयता कार्यान्वयन सम्बन्धमा राजनीतिक, वित्तीय, प्रशासनिक, संरचानगत लगायतका सबै पक्षको अध्ययन गरी सो सम्बन्धमा हालसम्म भएका उपलब्धीहरुको लेखाङ्कन गर्नुका साथै कमि-कमजोरी आङ्कलन गर्दै समाधानका उचित उपायहरु प्रस्तुत गर्ने कार्यदिश प्राप्त भएको थियो। उक्त कार्यदिश बमोजिम समितिले ७ वटै प्रदेशमा प्रदेश सरकार, स्थानीय सरकार एवं सरोकारवाला निकायहरुबीच अन्तर्क्रिया गर्ने निर्णय गरेको थियो । सोही सिलसिलामा लुम्बिनी प्रदेशको तिलोत्तमा -५, मनीग्राम, रुपन्देहीमा २०७९ साउन ६ र ७ गते अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। अन्तर्क्रिया कार्यक्रम गरिएको लुम्बिनी प्रदेशको परिचय अनुसूची -३ मा, अन्तर्क्रिया कार्यक्रमको कार्यक्रम ढाँचा अनुसूची -४ र कार्यक्रमका केही झलकहरु अनुसूची -५ मा संलग्न गरिएको छ ।

## १.२ उद्देश्य

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको मुख्य उद्देश्य नेपालमा संघीयता कार्यान्वयनको समग्र अवस्था पत्ता लगाउनु हो। उक्त प्रयोजनका लागि लुम्बिनी प्रदेशमा भएको प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमका विशिष्ट उद्देश्यहरु यसप्रकार छन:

- नेपालमा संघीयता (राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत र समावेशिता) कार्यान्वयनको समग्र अवस्थाका साथै लुम्बिनी प्रदेशको यथार्थताका बारेमा छलफल गर्नु।
- संघीयता कार्यान्वयनको सिलसिलामा सम्पन्न मुख्य क्रियाकलापहरु तथा त्यसबाट प्राप्त भएका मुख्य मुख्य उपलब्धीहरुबारे छलफल गर्नु।

- संघीयता कार्यान्वयनमा विभिन्न तहबाट भएका कमी कमजोरीहरु तथा गर्न बाँकी रहेका कामहरु लेखाजोखा गर्नुका साथै अपेक्षित नतिजा प्राप्त गर्न नसक्नु पछाडिका मुख्य कारण तथा सवालहरु पहिचान गर्नु।
- संघीयता कार्यान्वयनमा भएका समस्या/सवालहरुको समाधानका उपायहरु प्रस्तुत गर्नु आदि।

## १.३ अन्तर्क्रिया विधि

संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन सम्बन्धी संसदीय विशेष समितिका संयोजक माननीय डा. खिमलाल देवकोटाको अध्यक्षता र राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष ज्यूको प्रमुख आतिथ्यतामा संघीय शासन प्रणाली सवलीकरण सम्बन्धी छलफल तथा अन्तर्किया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा समितिका सदस्यहरु, राष्ट्रिय सभामा प्रमुख दलका नेताको समेत उपस्थिति रहेको थियो । प्रदेश सदरमुकाम समेत रहेको लुम्बिनीमा सम्पन्न उक्त कार्यक्रममा बोल्ने सहभागीहरु हरेकलाई तीनदेखि पाँच मिनेटमा आफ्ना भनाईहरु राख्न समय उपलब्ध गराईएको थियो। सहभागी बक्ताहरुका भनाईलाई अलग अलग टिपोट गरिएको थियो। अन्तर्क्रियामा तीन प्रकारका व्यक्तित्वहरु (जनप्रतिनीधि, कर्मचारी तथा नागरिक समाज) को सहभागिता रहेको थियो।

अन्तर्किया कार्यक्रममा प्रदेशका मुख्य मन्त्री, प्रदेश सभाका सभामुख, मन्त्रीहरू, प्रदेश सभाका सदस्य तथा प्रदेशभित्रका पालिकाहरू (स्थानीय तह) का प्रतिनिधिमूलक रुपमा प्रमुख तथा उपप्रमुखहरु, प्रदेशस्थित लोक सेवा आयोगका पदाधिकारी, नीति तथा योजना आयोगका पदाधिकारी र मुख्य न्यायाधिवक्ता, राष्ट्रिय मान्यताप्राप्त दलका प्रदेश कमिटिका प्रमुखहरु, निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी संस्थाहरु, पत्रकार, प्रदेशका प्रमुख सचिव, प्रमुख जिल्ला अधिकारी, प्रदेश मन्त्रालयका सचिवहरू, मुकाममा रहेका अन्य कार्यालयका प्रमुखहरू लगायतका व्यक्तिहरुको उपस्थिती रहेको थियो । अन्तर्क्रिया कार्यक्रममा सहभागिताका सम्बन्धमा समितिले बनाएको मापदण्ड अनुसूची -६ मा संलग्न छ ।

## १.४ प्रतिवेदनको सीमा

यस प्रतिवेदनमा संघीयता सम्बन्धी उपलब्ध सबै सूचनाहरुलाई समावेश नगरी संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन सम्बन्धी संसदीय विशेष समितिलाई प्राप्त भएको कार्यदेशको सीमाभित्र सिमित रहेको छ। प्रतिवेदन तयार गर्दा मूलतः राजनीतिक संघीयता, वित्तीय संघीयता, र प्रशासनिक संघीयताको सिमामा रहेर प्रदेशस्तरमा आयोजित छलफलका सहभागीहरुद्वारा उठाइएका विचारहरु, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् सचिवालय लगायत अन्य संघीय निकायहरुबाट प्राप्त सूचनाहरु, प्रदेश सरकार तथा सो मातहतका निकाय र स्थानीय तहबाट प्राप्त विवरणहरु लाई मुख्य आधार मानिएको छ। मुलतः लुम्बिनी प्रदेशस्तरीय छलफलमा आधारित भई तयार गरिएको

प्रतिवेदन भएको हुनाले यहाँ चर्चा गरिएको अवस्था र नतिजा अन्य प्रदेशसँग दुरुस्तै मेल नखान पनि सक्दछ।

## १.५ प्रतिवेदनको स्वरुप

लुम्बिनी प्रदेशस्तरीय यो प्रतिवेदन विभिन्न पाँच परिच्छेदहरुमा विभक्त छ। पहिलो परिच्छेद परिचयको रहेको छ। अध्ययनको पृष्ठभूमि, अध्ययनको उद्देश्य तथा विधि आदि विषयहरु यस परिच्छेदमा समावेश छन्।परिच्छेद दुईमा संघीय शासन प्रणाली कार्यान्वयनको क्षेत्रमा हालसम्म विभिन्न तहका सरकारहरुबाट सम्पादित मुख्य मुख्य कृयाकलापहरु र त्यसबाट भएका उपलब्धीहरु समावेश गरिएको छ।

त्यस्तैगरी परिच्छेद तीनमा लुम्बिनी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमका मुख्य उपलब्धीहरु तथा कार्यक्रममा सहभागीहरु द्वारा राजनीतिक, वित्तीय, तथा प्रशासनिक संघीयताका बारेमा व्यक्त विचारहरु समावेश गरिएको छ । परिच्छेद चारमा संघीयता कार्यान्वयनमा देखा परेका मुख्य समस्या तथा सवालहरुको बारेमा चर्चा गरिएको छ भने अन्तिम तथा पाचौं परिच्छेद निश्कर्ष तथा सुझावका लागि रहेको छ। प्रतिवेदनको अन्तमा केही अनुसूचीहरु रहेका छन् ।

## परिच्छेद दुईः संघीयता कार्यान्वयनको स्थिती

संघीय शासन प्रणाली नेपालका लागि नयाँ अनुभव हो। संविधानमा उल्लेखित तीन तहका सरकारहरू बीचको सम्बन्धका आधारहरुः सहकारिता, सहअस्तित्व र समन्वय हुने व्यवस्था गरियो तर तिनको पालना राम्रोसँग हुन नसकेको जनगुनासो रहेको छ। किनभने एक स्थानीय तहको ठाडो वा तेस्रो सम्बन्ध अन्य स्थानीय तह, प्रदेश र संघ सरकार सँग रहने र सो अन्तरसम्बन्धले उक्त स्थानीय तहको शासकीय प्रभावकारितामा प्रभाव पार्दछ। वि.स. २०७४ देखि यता सबै तहका सरकारहरूले एक पूर्ण कार्यकाल पुरा गरिसकेका छन्। पाँच वर्ष पार गरिसकेकोले संघीय शासन प्रणाली कार्यान्वयन सम्बन्धमा तीनले के के कृयाकलापहरू गरे। ति कृयाकलापहरूबाट के के उपलब्धीहरू प्राप्त भए भनी उपलब्धीहरूको लेखाजोखा गर्ने उपयुक्त समय हो यो।

### २.१ मुख्य गतिविधी

वि.स. २०७४ सालमा सम्पन्न स्थानीय तह, प्रदेश सभा र संघीय संसदको निर्वाचन पश्चात नेपालमा संघीय शासन प्रणाली कार्यान्वयन चरणमा विधिवत रूपमा प्रवेश गरेको हो। विगतमा फरक कानुनी हैशियतमा स्थानीय निकायको रूपमा भएतापनि स्थानीय तह नेपालमा पहिला पनि अस्तित्वमा थिए। प्रदेश सरकार नेपालका लागि विल्कुल नयाँ अभ्यास हो। संघीय सरकार एकात्मक सरकारको रूपमा विगत देखिनै अस्तित्वमा थियो। संघीय सरकारका आफ्नै भौतिक र प्रशासनिक सँरचनाहरू थिए/छन्। संघीय सरकारसँग पहिला देखिनै निश्चित विधी पद्धती, कर्मचारी प्रशासन र स्थापित प्रणाली थियो/छ। तथापी वृहत प्रकारको विकेन्द्रीकरण, अन्तर-सरकारी वित्त व्यवस्थापन एवम अन्तर तह समन्वय, र प्रदेश तथा स्थानीय सरकारको अनुगमन गर्ने कार्य भने संघीय सरकारका लागि पनि नयाँ विषय हो। तथापी थुप्रै वाधा अड्चनका वावजुद यो अवधीमा संघीयता कार्यान्वयनमा केही सुधारहरू भएका छन्।

मुलुकमा राजनीतिक स्थायित्व कायम भएको छ। जटील ठानिएको कर्मचारी समायोजनको कार्य केही हदसम्म भए पनि सम्पन्न भएको छ। जसअनुसार संघमा ४८,४०९; सात वटै प्रदेशमा २२,२९७; र स्थानीय तहमा ६६,९०८ दरवन्दी तय गरिएको छ।[१] साझा अधिकारसँग सम्बन्धित अष्पस्ट केही अधिकारहरू बाहेक अधिकाँश विषय क्षेत्रमा आँफुलाई आवश्यक कानुनहरू निर्माण गरेका छन्। नयाँ संविधान जारी भएपश्चात् संवत् २०७९ असार मसान्तसम्म संघबाट १२१ वटा नयाँ ऐन जारी भएका छन्। विभिन्न ४३१ वटा ऐनमा संशोधन गरि अद्यावधिक गरिएको छ। २०७९ असार मसान्त सम्म सात प्रदेशले २४० वटा ऐन निर्माण गरेका छन् भने लुम्बिनी प्रदेशले मात्र ३९ वटा ऐन जारी गरेको छ। त्यस्तैगरी, सबै स्थानीय तहहरूले गरी २९८९ ऐन निर्माण

[१] संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रेश विज्ञप्ती, मिति २०७५।१२।१४

गरेका छन् र लुम्बिनी प्रदेशका स्थानीय तहले कूल ६८५ ऐन निर्माण गरेका छन्।[२] अन्तर सरकारी वित्त हस्तान्तरण प्रकृयाको अभ्यास भएको छ। प्रदेश र स्थानीय तहले प्रत्येक महिनाको १५ गते भित्र राजश्व बाँडफाँड वापतको रकम प्राप्त गरिसक्ने व्यवस्था भएको छ। सबै तहका सञ्चित कोषहरू तथा राजश्व बाँडफाँडका विभाज्य कोषहरू सञ्चालनमा आएका छन्। Sub-National Treasure Regulatory Application (SuTRA) को प्रयोगले वित्तीय अनुशासनमा वढोत्तरी भएको छ। प्रदेश लोकसेवा आयोगहरूले प्रदेश र स्थानीय तहका लागि दरवन्दी अनुसार पदपुर्ती थालेका छन्। प्राय: सबै स्थानीय तहहरू तथा प्रदेश सरकारहरूले प्रशासकीय भवन लगायत आवश्यक भौतिक संरचनाहरूको विकास गरिसकेका छन्। प्रथम पञ्चवर्षीय योजनाका साथै विषयगत गुरुयोजनाहरू सबै प्रदेश तथा स्थानीयतहरूले निर्माण गरी आफ्नो विकास लक्ष्य र गन्तब्य तय गरेका छन्। केही अपवाद वाहेक सबै तहका सरकारहरूले तोकिएकै समयमा नीति तथा कार्यक्रम र बजेट सभामा पेश गर्ने र पास गर्ने गराउने पद्धतिको अभ्यास भएको छ। सबै तहका सँरचनाहरूमा समावेशीताको अवस्थामा झन झन विस्तार भएको छ। सोही अनुसार महिला, दलित, आदिवासी जनजाती, अल्पसँख्यक, अपाङ्गता भएका व्यक्तिहरू, लोपोन्मुख समुदाय लगायतका व्यक्तिहरूको सहभागीता उल्लेख्य रूपमा बढेको छ।प्रदेश लोकसेवा आयोग र प्रशिक्षण प्रतिष्ठान लगायत अन्य धेरै प्रादेशिक सँरचनाहरू कृयाशील भएका छन्।सबै स्थानीय तहमा बैंकका शाखाहरू पुगेका छन्। यसले बैंकिङ सेवा पनि समावेशी बन्न पुगेको छ।

## २.२ उपलब्धी

सेवा प्रवाह नागरिकको घर नजिक पुगेको छ। सिँहदरवारमा केन्द्रित उच्चतहको शिपयुक्त जनशक्ती विकेन्द्रित भई गाउँपालिका नगरपालिकामा पुगेको छ। यसले स्थानीय तहको सेवाको गुणस्तरीयतामा सुधार भएको छ। स्थानीय तह र प्रदेश सरकारहरूले सेवा प्रवाहको मापदण्ड विकास गरी सेवाप्रवाहलाई कसरी थप व्यवस्थित बनाउन सकिन्छ भन्ने विषयमा सजग भएका छन्। स्थानीय तहको सँस्थागत क्षमता स्वमुल्याङ्कनमा आ.व. ०७६/७७ मा स्थानीय तहहरूले सेवा प्रवाहको क्षेत्रमा प्राप्त गरेको ५४.२४ प्रतिशत अङ्कमा सुधार भई आ.व. ०७७/७८ मा ६४.४६ प्रतिशत पुग्नुले पनि यहि सङ्केत गर्दछ।[३] प्रदेश र स्थानीय तहका विभिन्न सँरचनाहरू समावेशी हुँदा निर्णय लिने स्थानमा पिछडिएका वर्ग क्षेत्र समुदायका मानिसको पहुँच बढ्न गएको छ। २०७४ को स्थानीय निर्वाचनमा ४०.९ प्रतिशत महिला निर्वाचित भएकोमा २०७९ को स्थानीय निर्वाचनमा ४१.२१ प्रतिशत निर्वाचित भएका छन्।[४]

---

[२] नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

[३] LISA Nepal - Home (mofaga.gov.np) retrieved in 5th Aug., 2022.

[४] निर्वाचन आयोगको वुलेटिन, २०७९ ज्येष्ठ ६ गते।

योजना निर्माण र कार्यान्वयनमा जनसहभागीता बढेको छ। सबै स्थानीय तहमा बैंकका शाखाहरू विस्तार हुँदा समावेशी बैंकिङ्ग सेवाको विकास भएको छ। वडा कार्यालय सम्म सडक सञ्जाल र ईन्टरनेट सुविधा विस्तार भएको छ। फलस्वरूप स्थानीय तहहरूले सेवाप्रवाहलाई विस्तारै अनलाईन प्रणालीमा लान थालेका छन्। सरकारी भुक्तानीहरूमा नगदको प्रयोग करिव बन्द भएको छ। विपदको समयमा स्थानीय सरकारहरूले तत्काल घटनास्थलमा पुगी जनउत्तरदायी सरकारको अनुभुती दिन थालेका छन्। तथापी अधिकार क्षेत्र अनुरूप कानुनहरू निर्माण हुन नसक्नु, वित्तीय संघीयताले मुर्तरूप लिन नसक्नु, विभिन्न विषयगत क्षेत्र जस्तैः सडक, सिचाईं, कृषि, पशु, बन, स्वास्थ्य लगायतका क्षेत्रहरूका कार्यक्रम कार्यान्वयनमा दोहोरोपना हुनु आदि समस्याहरू पनि छन्।

## परिच्छेद तीनः अन्तर्क्रियाका उपलब्धीहरू

संघीय शासन प्रणाली बहुतहका सरकारहरू बीच समुचित तवरले राजनीतिक, प्रशासनिक र वित्तिय अधिकारको बाँडफाँड गरी राज्य सञ्चालन गर्ने एक प्रणाली र सिद्वान्त पनि हो। लोकतान्त्रिक पद्दति, सुशासन, समावेशी तथा सहभागितामुलक निर्णय प्रक्रिया, भौगोलिक, सामाजिक तथा साँस्कृतिक बिविधताको पहिचान तथा सम्माननै संघीय शासन प्रणालीका चरित्रहरू हुन्। यस परिपेरक्ष्यमा, नेपालको संविधानले संघीयताको प्रभावकारी व्यवस्थापन तथा सबलीकरण गर्न राज्यका सबै नीति, नियम, कानुन, संरचना, प्रक्रिया तथा पद्दतिहरूमा माथी उल्लेखित विषयहरू समाहित गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ।

संघीय शासन प्रणालीलाई सवलीकरण गर्ने सम्बन्धमा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिद्वारा आयोजना गरिएको अन्तर्क्रिया कार्यक्रमका उपलब्धिहरू यसप्रकार रहेका छन्ः

### ३.१ उपलब्धी

अन्तर्क्रिया कार्यक्रममा अन्तर्क्रियामा सहभागी सरोकारवालाहरूबाट संघीयता कार्यान्वयनका सम्बन्धमा व्यक्त भएका विचारहरुका आधारमा संघीयताका सम्वन्धमा भएका उपलब्धीहरु निम्नानुसार रहेका छन्

- राष्ट्रिय सभाले पारित गरेको १५ बुंदे सङ्कल्प प्रस्तावको कार्यान्वयन गर्न तीनै तहका सरकारका प्रतिनिधि तथा सरोकारवालाहरूमा दवाब सृजना भएको छ।
- प्रदेश र स्थानीय तहमा संघीयता कार्यान्वयन सम्बन्धमा भएका राजनीतिक, वित्तीय, प्रशासनिक क्षेत्रमा भएका प्रयासहरू, उपलब्धीहरू एवम समस्याहरू अध्ययन गरी दस्तावेजीकरण गर्न सहयोग पुगेको छ।

- विभिन्न तहका सरकार सञ्चालनमा देखिएका दोहोरोपनाका वारेमा सबै सहभागीहरू बीच समान वुझाई स्थापित हुनुका साथै आगामी दिनमा समन्वयात्मक तवरले अधि बढ्न प्रेरणा मिलेको छ।
- आगामी दिनमा संघीयताको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापनका लागि नियमित छलफल गरी अनुभव आदान-प्रदान हुने वातावरण बनेको छ।
- संघ, प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधीहरू बीच संघीय शासन प्रणालीका मुख्य सवालहरूमा सँगै बसी वहस गर्ने अवसरका कारण तीन तहका सरकारका प्रतिनिधीहरू बीचको सम्बन्ध थप मजवुत हुँदै जाने विश्वास बढेको छ।
- तीनै तहका सरकार बीच थप समन्वय, सहकार्य र सहकारिता प्रर्वद्वन भई संघीय शासन प्रणाली सवलीकरणमा थप सहयोग पुग्ने विश्वासको वातावरण बनेको छ।
- यसप्रकारका अन्तर्क्रियाहरू प्रदेश सरकारको अग्रसरतामा वेलावखतमा आयोजना गर्दा विभिन्न तह बीचको ठाडो र क्षीतिजीय सम्बन्ध थप मजवुत हुने विश्वास बढेको छ।
- संविधानको धारा २३२ मा उल्लेखित संघ प्रदेश र स्थानीय तह बीचको सम्बन्धसँग सम्बन्धीत तीन वटा विशेषताहरुः सहकारीता, सहअस्तित्व र समन्वय संघीयता कार्यान्वयनको मुलमन्त्र भएको कुरा सबैले स्विकारिएको छ।

अन्तर्क्रियामा सहभागी सरोकारवालाहरूबाट संघीयता कार्यान्वयनका सम्बन्धमा व्यक्त महत्त्वपूर्ण टिप्पणी, विचार एवम सुझावहरू आगामी समयका लागि मार्गदर्शक हुने विश्वास छ। ती टिप्पणी तथा बिचारहरूलाई तल प्रस्तुत गरिएको छः

## ३.२ राजनीतिक संघीयता

अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूबाट राजनीतिक संघीयता सम्बन्धी तपशिल अनुसारका टिप्पणी तथा सुझावहरू व्यक्त भए:

- दलहरू बीचनै संघीयताप्रति साझा वुझाई र तदअनुरूपको ईमान्दारिता नहुँदा विरोधका स्वर सुनिएका छन्। यो अवधीमा प्रदेश सरकारका कृयाकलापहरू अपेक्षित हुन सकेनन। त्यस्तैगरी सरकारमा हुँदा एक कुरा र सरकार बाहिर गएपछि अर्को कुरा गर्ने दलीय बेईमानी चरित्र पनि वाधक भयो।
- संघ र प्रदेशका माननीयहरू बिच समन्वयको खाँचो रहेको छ। प्रतिष्पर्धी होइनौ सबै मिलेर मुलुकलाई समृद्धि तर्फ लैजाने हो भन्ने भावनाको विकास हुन सकेन एकातिर भने अर्कोतिर प्रदेश र स्थानीय तहसँग पनि समन्वय हुन सकेको छैन। संवैधानिक केही प्राव्धानहरूको

अस्पष्टताले तीनतह बीच अधिकारको अभ्यासमा अन्यौल हुँदा संविधान संशोधनको आवाज उठेको छ। स्थानीय तहलाइ सेवा प्रवाहमा र प्रदेशलाई आयोजना कार्यान्वयनमा जिम्मेवार बनाउन आवश्यक छ।

- केन्द्रिकृत मानसिकता सबै तहमा र व्यक्तिमा छ। यो भावनालाई सबैले त्यागौं। साझा अधिकारको सूचिमा रहेको एकै प्रकृतीको कामले अन्यौल बनाएकोले यसलाई स्पष्ट पारौं। स्थानीय तहको निर्वाचन दल विहिन हुँदा राम्रो हुने थियो। नेता-नेता, प्रदेश सरकार र प्रदेश सरकार बीच विकासका लागि सकारात्मक प्रतिष्पर्धा गरौं।
- खास संघीयताको आभाष दिने प्रदेश सरकारले हो। प्रदेश बलियो भयो भने मात्रै संघीयता वलियो हुन्छ। तर प्रदेशलाई संघ र स्थानीय तह दुवैबाट उपेक्षा भएको छ। प्रदेशको अधिकार सूचिमा १ नं. मा रहेको प्रदेश प्रहरी ऐन हालसम्म बन्न सकेको छैन।
- निर्णय गर्ने र कार्यान्वयन क्षमताको अभाव सबै तहमा छ। केन्द्रवाट निर्देशित भएको हुंदा प्राकृतिक श्रोतहरूको चरम दुरूपयोग भैरहेको छ। थुप्रै ऐनको अभाव खड्किएको छ तर कतिपय बनेका ऐन पनि कार्यान्वयन भएका छैनन।
- गठन आदेशवाट संरचना निर्माण गर्ने प्रवृती वढेको छ। यसलाई बन्द गर्नु पर्यो। खेलकुद समिती ३ वटै तहमा आवश्यक छैन। मन्त्रालयको संख्या किन वढाउनु पर्यो। विद्दमान संघीय र प्रदेश विषयगत मन्त्रालयहरू बीच समन्वय बढाउनु पर्यो ।

### ३.३ वित्तीय संघीयता

अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूबाट वित्तीय संघीयता सम्बन्धी तपशिल अनुसारका टिप्पणी तथा सुझावहरू व्यक्त भएः

- संघ र प्रदेशको बजेट प्रणालीमा सुधार गर्न आवश्यक छ। संघ र प्रदेशका दुई लाखका पनि आयोजनाहरू छन्। यस्तो झन्झटिलो कार्यलाई अन्त्य गर्न संघ, प्रदेश र स्थानीय तहले कति बजेट सम्मको आयोजना कार्यान्वयन गर्ने हो सिमा तय हुनुपर्यो। प्रदेश र संघबाट विनियोजन हुने बजेटमा स्थानीय सरकारहरूसंग समन्वय हुँदा कार्यान्वयन सहज हुने थियो।
- आर्थिक प्रणाली पूर्ण रूपमा संघको नियन्त्रणमा भएकोले यसलाई सच्याउनु पर्छ। वित्तीय समानीकरण तर्फ कम बजेट र शसर्त अनुदान बढी हुने विद्धमान अवस्थामा सुधार आवश्यक छ। त्यस्तैगरी, तीनै तहको सरकारहरू बीचको कार्यक्रम र बजेटमा भएको दोहोरोपना हटाउनु पर्छ।

- साविकको जिल्ला विकास समिति तथा जिल्ला स्थित अन्य कार्यालयहरूको सम्पत्ति हस्तान्तरण र सँरक्षण आवश्यक रहेको। नदी जन्य पदार्थको विक्री वितरण स्थानिय सरकारले गर्दछन्। अनुगमन र सुरक्षा जिल्ला प्रशासन कार्यालयले गर्नुपर्ने। उनिहरूबाट संरक्षणमा ध्यान दिइँदैन। जवाफदेही जिल्ला प्रशासन कार्यालय हुनुपर्ने अवस्था छ।
- दिगो विकासका लक्ष्यलाई प्रदेश आवधिक योजनामा स्थानीयकरण गरिएको छ तर सूचक कार्यान्वयनका लागि श्रोतको अभाव छ। राजश्व सङ्कलन सम्बन्धमा ठोस नीति हुनु पर्ने र दोहोरोपना न्यूनीकरण गर्न जरुरी रहेको।
- वित्त व्यवस्थापनलाई अपेक्षित रूपमा व्यवस्थित गर्न सकिएको छैन र विकास साझेदारहरूबाट प्राप्त आर्थिक श्रोतको सदुपयोग हुन सकेको छैन। त्यस्तैगरी, तल्लो तहका सरकारहरूले आन्तरिक स्रोत परिचालनमा ध्यान दिन आबश्यक छ।

## ३.४ प्रशासनिक संघीयता

अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूबाट प्रशासनिक संघीयता सम्बन्धमा यसप्रकार टिप्पणी तथा सुझावहरू प्राप्त भएका छनः

- प्रदेशमा हस्तान्तरण गरिएका १४०० दरवन्दीमा ५० प्रतिशत खाली हुँदा कार्यमा गुणस्तरीयता ल्याउन समस्या परेको छ। उता स्थानीय तहमा दरबन्दी भन्दा बढी कर्मचारीहरू करारमा नियुक्त भएका छन् स्रोतको दुरूपयोग हुने त्यसप्रकारको कार्य बन्द गर्नु पर्यो।
- अन्तर तह समन्वय कमजोर रहेको र स्थानीय तह र प्रदेश बीच सूचना आदान प्रदान अर्थात रिपोटिङमा पनि समस्या रहेको छ। यो अवस्थाको समाधानका लागि स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेशको कानुन अनुसार हुनपर्छ।त्यस्तैगरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूमा संघको मानसिकता रहुन्जेल ती निकायहरू मजवुत हुन सक्दैनन।
- नीति, कार्यक्रम र बजेट निर्माणमा Demand र Supply side बीच खाडल छ। आयोजना छनौटमा प्रयाप्त ध्यान पुगेको छैन। खरिद ऐन, ठेकदारको अनुकुल आउने अभ्यास हटाउनु पर्छ र स्थानीय तहको कार्यको अनुगमन गर्ने अधिकार प्रदेश सरकारलाई हुनुपर्ने। विकास निर्माणका कार्यहरूमा ढिलासुस्ती र लापरवाही गर्ने ठेकदारलाई कुनै कारवाही नहुने किन।
- प्रमुख सचिव लगायत प्रदेशमा खटिने अन्य सचिवहरू कम्तिमा २ वर्ष एकै ठाउँमा बस्ने व्यवस्था जरुरी रहेको छ। त्यस्तैगरी स्थानीय तहका कर्मचारीको बृतिविकासको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था छ तर कार्यान्वयन भएन। स्थानीय तहका

कर्मचारीहरूलाई सरुवाको व्यवस्था हुन जरुरी छ। काम गर्ने स्थानीय तहमा तर कार्यसम्पादन मुल्याङ्कन संघले गर्ने यो मिलेन।

- सबभन्दा नजिकको सरकारबाट पुर्याउने सेवाका आधारमा शासनका बारेमा नागरिकले धारणा बनाउने भएकाले संघीयताको सफलताको लागि स्थानीय तहलाई सशक्त बनाउनु पर्दछ। जिल्लामा कार्यरत संघीय तथा प्रादेशिक निकायहरूको जिम्मेवारी स्पष्ट छैन। संघबाट कार्यान्वयन भएका आयोजनाहरूको अनुगमनको अधिकार स्थानीय तहलाई हुनुपर्छ। यदि त्यसो हुँदैन भने के को अन्तरसम्बन्ध र सहकार्य। संघ र प्रदेशका विकास आयोजनाहरू स्थानीय तहसँग समन्वय नगरिकन कार्यान्वयन हुँदा स्थानीयतहबाट अपनत्व हुन सकेन।
- प्रदेश सरकारले प्रहरी चौकी र कारागार निर्माण गर्छ तर प्रदेश सरकारको अधिकार भित्र पर्दैन। यसलाई प्रदेश सरकारको अधिकार भित्र राख्न आवश्यक छ। शिक्षक सरुवा र व्यस्थापन गर्न स्थानीय तहमा सबै भन्दा कठिनाई रहेको छ। तीन तहका कानूनहरू बाझिएकोले कठिनाई भएको छ।
- स्थानीय तहमा रहेका सामुदायिक वन व्यवस्थापनमा कानूनी कठिनाईहरू छन्। प्रदेश वन नियमावलीका सथै वातावरण संरक्षण ऐन र नियमावली वनेको छ तर संघले विभिन्न परिपत्र र कार्यविधी मार्फत हस्तक्षेप गरेको छ।वन सम्वन्धी मुद्धा छिनोफानो र वन पैदावार लिलाम गर्न कठिनाई भएको छ।
- कर्मचारीका दरवन्दीहरू धेरै रिक्त छन्। लोक सेवा आयोगले जिम्मेवारी नगरपालिकाउने तर प्रदेश तथा स्थानीय तहहरूले करारमा कर्मचारी नियुक्ती गर्ने गरेका छन्। अहिले लुम्बिनी प्रदेशमा ५३ प्रतिशत जनशक्तीले मात्रै उपलब्ध छ अहिले फलस्वरु प्रदेशले प्रशासनिक क्षमता प्रदर्शन गर्न सकेको छैन।
- प्रदेशमा कानुन मन्त्रालय जरुरी देखियो।त्यस्तै न्यायिक समितीमा कानुनको विज्ञ राख्नु पर्ने। सम्वन्ध विच्छेद सम्वन्धी मुद्धामा समस्या छन्। पुनः न्यायिक समितीले हेर्नसक्ने व्यवस्था होस।
- खानी सम्बन्धमा संघको अधिकार रहेको छ। अनुगमन गर्ने अधिकार समेत प्रदेशलाई नहुंदा सिमेन्ट कारखानाले ढुङ्गा जथाभावी निकालेका छन्। साविकका कृषि विकास कार्यालयहरूको सम्पत्ति हस्तान्तरण हुन सकेको छैन। स्वास्थ्य सेवामा प्रयोगशालाका कर्मचारीहरूको समायोजन हुन नसकेको।

- मन्त्रालयको नाम परिवर्तन भैरहँदा विवरण राख्न कठिनाई भएको छ। सवारी साधन लाइसेन्स वितरणका कार्य प्रदेशमा हस्तान्तरण हुँदा राम्रो हुन्थ्यो।

संघीयता कार्यान्वयनको स्थिती सुधार गर्नै नसकिने चिन्ताजनक अवस्थामा पुगेको छैन। हरेक तहबाट स्वतन्त्र रूपमा सहजै गर्न सकिने धेरै कामहरू अझै बाँकी छन्। अरुलाई दोष लगाएर उम्किने छुट कसैलाई पनि छैन। आ-आफ्ना जिम्मेवारीका क्षेत्रमा सबै सरोकारवालाहरूको ध्यान पुगोस। अस्पष्ट भएका साझा अधिकारहरू लाई थप प्रष्ट पारौं। अन्तर्क्रिया कार्यक्रममा सहभागीबाट व्यक्त धारणाहरूको विस्तृतीकरण अनुसुची -७ मा समावेश गरिएको छ।

## परिच्छेद चारः मुख्य सवालहरू

संघीय व्यवस्था नेपालका लागि नयाँ हो। स्थानीय सरकार विगतमा स्थानीय निकायको रूपमा फरक हैशियतमा थिए अहिले उनिहरूको जिम्मेवारी निकै थपिएको छ। प्रदेश सरकारको व्यवस्था नेपालमा यसभन्दा अगाडि थिएन। संघीय सरकारको विगत देखिनै आफ्नै कर्मचारी सँयन्त्र र प्रशासनिक प्रणाली भएतापनि संघीयता लाई समन्वय गर्ने अनुभव थिएन। यसप्रकार नयाँ शासकीय प्रणाली भएको हुनाले सुरुका केही वर्ष सम्म संघीयता कार्यान्वयनमा केही समस्या र चुनौती हुनु अनुभूति हुनु नौलो होईन। सबै तहका सरकारहरूले विभिन्न प्रकारका समस्याहरूको अनुभुति गरिरहेकै छन्। यसै सन्दर्भमा लुम्बिनी प्रदेश स्तरीय छलफलका आधारमा संघीयताको सवलीकरणमा देखिएका प्रमुख सवालहरूका वारेमा तल चर्चा गरिएको छः

### (१) परम्परागत सोच

शासकीय व्यवस्थामा भएको परिवर्तन अनुरूप नागरिकहरूको अवस्थामा परिवर्तनका लागि नेतृत्वमा रहने शासक र प्रशासक हरूको सोचमा पनि परिवर्तन आवश्यक थियो तर व्यवहारमा त्यो हुन सकेन। एकले अर्कालाई दोष लगाउने होडवाजी सबैतिर छ। Power just up to me भन्ने मनोदशाका कारण संघीयताले अपजास पाउने अवस्था रह्यो। सबै तहका सेवासुविधा र अधिकार खण्डित नहुने गरी संघीयताको अभ्यास गर्न खोज्दा यो समस्या पैदा भएको हो। सरकारहरूले गर्ने रिपोटिङहरूमा देखिएको उदासिनताले जवाफदेहितामा प्रश्न देखियो। मुख्य राजनीतिक दलका संगठनहरूमा संघीय व्यवस्थालाई कसरी मजवुत बनाउने भन्दा पनि कसरी सत्तामा पुग्ने र टिकिरहने भन्ने होडवाजीले मात्र महत्त्व पायो। फलस्वरूप प्रदेश र स्थानीय तहका नेतृत्व तहमा रहेका केही जनप्रतिनीधिहरूमा अलग्गै राज्यको मालिक हुँ की भन्ने किसिमको मनोभाव र घमण्ड विकास हुन गयो।

### (२) अन्तरतह समन्वय

तीन तहका सरकारको सम्बन्ध **सहकारिता, सहअस्तित्व र समन्वयनमा** आधारित हुने व्यवस्था संविधानले गरेको छ। तर, यी आधारहरू अधिकार सूचीका कुन कुन विषयमा कसरी व्यक्त हुन्छन् भन्ने स्पष्ट भएन। संघीय सरकारमै समस्तरका इकाईहरूबीच समन्वयको समस्या छ भने संघ र प्रदेश अनि प्रदेश र स्थानीय तहका बीच नीति, योजना र कार्यक्रमको समन्वयमा झन ठूलो समस्या छ। संघीय सरोकारबाला निकायहरू बीचमै संघीयता कार्यान्वयनका कतिपय कामहरू प्राथमिकतामा परेनन। समन्वयकारी संरचनाका गतिविधीहरू निष्प्रभावी भए। सबै तहमा केन्द्रीकृत मानसिकता प्रबल छ। प्रदेश र स्थानीय तहले कसरी वढिभन्दा वढि स्थानीय स्रोत परिचालन गर्ने र आत्मनिर्भर हुँदै जाने भन्दा पनि माथितिर मुख ताक्ने प्रवृत्ति घटेन। प्रदेश र स्थानीय तहको क्षमता अपेक्षित रूपमा वढेन। स्थानीय तह र प्रदेशसँगको सामान्य परामर्शविना केन्द्रकै स्वविवेककमा

कर्मचारी खटनपटन गर्ने परिपाटी यथावत छ। प्रदेशले स्थानीय तह र संघलाई जोड्ने सेतुको काम गर्नु पर्ने हो। तर, व्यवहारमा स्थानीय तहहरूले प्रदेशलाई चिन्नै नसकेको जस्तो आभास हुन गयो। यसप्रकार स्थानीय तह र प्रदेशले आँफुलाई बलियो र विश्वासिलो निकायको रूपमा उभ्याउन नसक्दा संघीयता कार्यान्वयनको समष्टिगत तस्बिर कमजोर देखियो फलस्वरूप संघीय व्यवस्थाको औचित्य माथिनै प्रश्न उठ्न थाल्यो।

## (३) कानुन निर्माण

एकातिर प्रदेश र स्थानीय तह सञ्चालनको लागि अत्यावश्यक कतिपय व्यवस्थापकीय र कानूनी प्राव्धानहरू अहिले सम्म अपूर्ण छन्। संघीय कानूनको अभावमा प्रदेश र स्थानीय तहले साझा अधिकारसँग सम्बन्धित कानूनहरू निर्माण गर्न हिचकिचाए। प्रदेश र स्थानीय तहहरूले पनि independently बनाउन सकिने कानुनका लागि पनि लामो समय सम्म संघको मुख ताकेर बसे। यसले गर्दा प्रादेशिक र स्थानीय शासन पद्दति, त्यसको नियमन र प्रशासनिक प्रक्रियाबारे अन्यौलता कायमै रह्यो। फलस्वरूप कार्यक्रम र बजेटको दोहोरोपना हुने, पारदर्शिता नरहने र सार्वजनिक वित्त व्यवस्थापन अनियन्त्रित हुँदै गयो। यो अवधीका महालेखापरीक्षकका प्रतिवेदनहरूले पनि यहि सङ्केत गर्दछन्। अर्कातिर प्रदेश तथा स्थानीय तहमा कानुन निर्माणका लागि दक्ष, योग्य, शिप र क्षमतायुक्त जनशक्तिको अभाव छ। हरेक विषयमा जुनसुकै संघीय इकाईले कानुन निर्माण गर्दा तीन तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसाथ गरी एक अर्काको अस्तित्व, अधिकार र क्षमताको मुल्याङ्कन तथा सम्मान गरी कानुन निर्माण हुनु पर्नेमा त्यसो हुन सकेन। त्यस्तैगरी, संघीय सरकारले स्थानीय तहका लागि ऐन, निर्देशिका, कार्यविधी र मापदण्डको नमुना पठाएकोमा केही स्थानीय तहहरूले आफ्नो विशिष्टता र मौलिकता अनुसार परिमार्जन गरी जारि गर्नुपर्नेमा हुवहु जारि गर्दा शासकीय क्षमतामा कमजोरी देखियो।

## (४) कमजोर संस्थागत क्षमता

समायोजन मार्फत कर्मचारीहरू प्रदेश र स्थानीय तहमा पठाइए पनि समस्या अझै छन्। संघीय निजामति ऐनको प्रतिक्षा भएको वर्षौं भयो। संघमा कर्मचारीको सँख्या अधिक तर काम न्यून भएको अवस्था छ भने प्रदेश र स्थानीय तहमा कार्यजिम्मेवारी सरे अनुरूप संरचना, पूर्वाधार र ज्ञान हस्तान्तरण हुन सकेको छैन। प्रदेश र स्थानीय तह पनि काम र खर्च क्षमता नहेरी अव्यावहारिक संरचना बनाउन लिप्त छन्। संगठन संरचना निर्माण अव्यवस्थित बन्न पुगेको छ। प्रदेश मन्त्रालयहरूको संख्या अनपेक्षित रूपमा बढेको छ। अनावश्यक समिति, आयोग, परिषद्, बोर्ड, प्राधिकरण, विकास समितिहरूको गठन, विस्तारले गर्दा दीर्घकालीन दायित्व बढ्दो छ। कर्मचारीको संख्या मात्र नभै जिम्मेवारी अनुकूल उनीहरूको उपयुक्तता र क्षमता सम्बन्धी धेरै प्रश्न देखिएका छन्। समस्या कर्मचारी समायोजनको भन्दा पनि, कर्मचारीतन्त्रकै पुनर्संरचनाको हो। संघीयताको

सन्दर्भमा गर्नुपर्ने काम र त्यसका लागि चाहिने दक्षताको पहिचान भइरहेको छैन भने प्रादेशिक लोकसेवा आयोगहरू पनि पूर्ण रूपमा कृयाशिल हुन सकेका छैनन। सरकारहरूले प्रयोगमा ल्याएका अनलाईन प्रणालीहरू user friendly हुन नसक्दा दोहरो मापदण्डले झन झन्झट बनाएको बताईन्छ। जनप्रतिनीधि र कर्मचारीहरूको क्षमता अभिवृद्धिमा प्रयासहरू भएका छन् तर कार्यक्षेत्रमा त्यसको प्रभावकारिताको अनुगमन हुन सकेको छैन।

**(५) जनप्रतिनिधिहरूको क्षमता**

जनप्रतिनिधिहरूलाई आफ्नो भूमिका र संवैधानिक दायित्वबारे राम्रो बोध भएकै छैन। समावेशितामा उल्लेख्य सुधार भएको तथ्याङ्कहरूले देखाउँदछन्। तर 'Inclusion without empowerment is meaningless' भन्ने भनाई प्रति उदाशिन हुँदा सामाजिक समावेशीकरण अझ खासगरी पिछडिएका समुदायका व्यक्तिहरूको राजनीतिक सहभागीता प्रभावशाली हुन सकेको छैन। अतः व्यवहारमा समावेशिता आउन सकेको छैन। राजनीतिक दलहरूले सञ्चालन गर्नु पर्ने शासन व्यवस्था अनुकूलका प्रशिक्षणहरूको कमि, सरकारको तहबाट गरिने स्थानीय आवश्यकताको पहिचान, आयोजनाहरूको प्राथमिकीकरण, अनुगमन तथा मुल्याङ्कन, सेवाको गुणस्तरीयता र सुशासन आदी विषयमा गरेका प्रयासहरू पनि प्रयाप्त नभएकाले जनप्रतिनीधीहरूले अपेक्षाकृत भूमिका निर्वाह गर्न सकेनन। फलस्वरूप पिछडिएका समुदायका नागरिकहरूको सार्थक सहभागिता प्रायः औपचारिकतामै सीमित देखियो।

**(६) जनसहभागिता र जवाफदेहिता**

शासकीय अधिकारलाई तल्लो तहसम्म पुर्याउनुको खास उद्देश्य सहभागितात्मक लोकतन्त्रको जग सुदृढ गर्न हो। तर, जनप्रतिनिधिलाई अधिकारसम्पन्न बनाएर मात्रै सो अभिष्ट पूरा हुँदैन। त्यसका निम्ति प्रदेश तथा स्थानीय सरकार, स्थानीय तहमा चुनिएका प्रतिनिधि लगायत सर्वसाधारण नागरिक र नागरिक समाजबीचको सम्बन्ध सहज हुनुपर्छ। राजनीतिक दलहरूमा पनि प्रदेशको औचित्य नागरिकलाई बुझाउन संघीयता सम्बन्धी जागरणमुखी कार्यक्रमहरू आवश्यक पर्दथ्यो। सरकारहरूका कामको लेखाजोखा र मूल्याङ्कन गर्ने सहभागितात्मक विश्लेषणका विधिहरू अपनाईनु पर्दछ। यसले सरकारलाई जवाफदेही बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको स्वमुल्याङ्कनका लागि निर्माण गरेको Local Institution Self-Assessment Tools (LISA) प्रयोग गर्न कतिपय स्थानीय तहहरू खासगरी महानगरपालिकाहरूनै तयार देखिन्नन्, जहाँ स्वमुल्याङ्कनका लागिनै तयार भईन्न त्यहाँ जवाफदेहिताको अपेक्षा कसरी गर्न सकिएला ।

प्रदेश र स्थानीय तहको शासन पद्दति केन्द्रकै कर्मचारीमुखी पद्दतिकै पुनरावृत्ति हो भन्दा फरक नपर्ने स्थिती रह्यो। हरेक तहमा औचित्यविनाका सँरचनाहरू निर्माण गर्ने र मिलेमतोमा

विभिन्न सुविधाका निम्ति आर्थिक स्रोतको दोहन गर्ने संस्कार मौलाउँदै गयो। प्रदेश र स्थानीय तहहरू सेवाग्राही प्रति जवाफदेही हुनुपर्नेमा परिवर्तनका लक्षणहरू कमै देखिए। गण्डकी प्रदेश सरकारका आ.व. ०७९/८० का करका दरहरू विवादित हुनु यसको उदाहरणको रूपमा लिन सकिन्छ। प्रदेश र स्थानीय तहको प्रशासनिक पुनर्गठनका लागि गरिएका भनिएका संगठन र व्यवस्थापन सर्भेक्षणहरू संघका पूर्वकर्मचारीहरू द्वारा भइरहेकाले तिनमा पनि नविनता, प्रविधिको प्रयोगमा आधारित चुस्त र नतिजामूखी संगठनको छाँटकाँट देखिएन। यसप्रकार कर्मचारीतन्त्रको कुशलता बढाई गुणस्तरीयतामा सुधार ल्याउने र संख्या नियन्त्रण गर्ने कुरामा अपेक्षित प्रगति हुन सकेन।

### (७) कार्यक्षेत्रमा अन्यौलता

संविधानले प्रदेश सरकारलाई प्रदेश विकासको मुख्य बाहकका रूपमा स्थापित गरेको छ भने स्थानीय तहमा सबै प्रकारका सामाजिक, आर्थिक, पूर्वाधार र वातावरणीय सेवाको विकास, व्यवस्थापन र आपूर्तिको गुणस्तरीयताको दायित्व सुम्पिएको छ। विकास व्यवस्थापन भन्दा पनि स्थानीय तहको खास जिम्मेवारी सेवा प्रवाह हो। स्थानीय तहमा यी सबै कार्यको दायित्व निर्वाह गर्ने क्षमता कमजोर छ। विद्यालय र स्वास्थ्य सेवाको गुणस्तरीयता, अनुगमन र व्यवस्थापकीय पक्ष स्थानीय सरकार अन्तर्गत भए पनि त्यो अनुरूपको क्षमता छैन। सानो सानो आकारका आयोजनाहरूमा संघ र प्रदेश अलमलिएकाले कार्यान्वयन पक्ष झन्झटिलो र खर्चिलो पनि भएको छ। विकासका विषयहरूमा प्रदेश र स्थानीय सरकारहरू आफै अलमलमा छन्। कार्यक्षेत्र र सीमाहरूको द्विविधा कायमै छ।

### (८) साझा अधिकारको अभ्यास

साझा अधिकारहरू अहिले सम्म पनि प्रष्ट नहुँदा समस्या थप जटिल बन्दै गएको छ। उदाहरणका लागि कृषि, शिक्षा, उद्योग, स्वास्थ्य, वन, खानेपानी, विद्युत, सडक आदि क्षेत्रमा सबै तहका सरकारहरूले बजेट विनियोजन गर्ने गरेका छन्। माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारको सूचिमा छ तर प्रदेश र संघले पनि विद्यालय भवन निर्माण, शिक्षक तलव, तालिम, पाठ्यक्रम तयारी र पाठ्यपुस्तक छपाईमा लगानी गर्ने गरेका छन्। कतै प्रदेश सरकारले विद्यालय परिसरमा पर्खाल लगाउने तथा भवन बनाउने गर्दछन्। यसबाट लगानीमा दोहोरोपना आउने क्रमसँगै स्थानीय तहको एकल अधिकार क्षेत्रमा संघ र प्रदेशले बजेट खर्च गर्दा अन्य अत्याबश्यक क्षेत्रमा रकम प्रवाह नहुने स्थिती रहन्छ।

एकातिर एकल अधिकार अनुसार पनि कार्यक्रम र बजेटको उपयुक्त व्यवस्था नहुनु अर्कोतिर साझा अधिकार बाँडफाँडको अन्यौलताले संघ र प्रदेश दुवैले एउटै कार्यक्रम राख्दा कार्यक्रम, रकम विनियोजन र खर्चमा दोहोरोपना देखिएको छ। यस सम्बन्धी केही उदाहरणहरूमा (क) **सडक**

**निर्माण** - सडक विभाग, शहरी विकास विभाग, काठमाडौ उपत्यका विकास प्राधिकरण र स्थानीय तहहरू। (ख) **शिप विकास तालिम** - श्रम तथा रोजगार मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा मन्त्रालय आदि अन्तर्गत सञ्चालन भईरहेका छन्। यस्तै प्रकृतिका तालिम स्थानीय तहहरूले पनि सञ्चालन गर्ने गर्दछन्। र (ग) **कर्मचारी तालिम** - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान लगायत विभिन्न मन्त्रालय अन्तरगतका १८ वटा निकायबाट प्रशिक्षण कार्य सञ्चालन हुने गरेको छ।[५]

आर्थिक स्रोत बाँडफाँडको मुख्य नायक भएका कारण संघीय सरकारसँग प्रदेश र स्थानीय तहको सम्बन्ध केही हदसम्म राम्रै देखिए तापनि प्रदेश र स्थानीय तहहरूबीचको समन्वयको मुद्दा भने झन झन पेचिलो बन्दै गएको छ। अहिले सम्मको प्रवृति हेर्दा स्थानीय तह र प्रदेशले एकातिर आर्थिक स्रोतको अधिकतम अपेक्षा संघ सँग गर्ने र आन्तरिक स्रोत बढाउनमा यथेष्ट ध्यान नदिने अर्कातिर पूर्ण रूपमा स्वायत्त पनि हुन खोज्ने द्वैध चरित्र देखिन्छ। यसबाट अत्यधिक परनिर्रभरता र स्वायत्तता सँगसँगै जान सक्दैनन् भन्ने विषयको हेक्का प्रदेश र स्थानीय तहमा हुन नसकेको ठहर हुन्छ।

[५] सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन, २०७५

# परिच्छेद पाँचः निष्कर्ष र सुझाव

नवीन अभ्यासका रूपमा रहेको संघीय शासन प्रणाली कार्यान्वयनका दृष्टिले यो अवधी निकै चुनौतीपूर्ण हो । यस अवधिको अभ्यासले भविष्यमा संघीयताको सफल कार्यान्वयनलाई मार्गनिर्देशित गर्दछ । यहि छोटो अवधीको मुल्याङ्कनका आधारमा संघीय शासन प्रणाली नेपालका सन्दर्भमा कति ठिक कति वेठिक भनेर किटान गर्न हतार हुन्छ। संविधानको अधिकारसूची अनुसार कार्यविस्तृतीकरण, स्थानीय सरकार सञ्चालन ऐन, संघ प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड आदिको निर्माण पश्चात\ तीनै तहका सरकारहरूले सम्पादन गर्नुपर्ने कार्यजिम्मेवारीहरू विस्तारै स्पष्ट हुँदै छन्। तर सरकारहरूसँग नागरिकका अपेक्षाहरू वढि भएका कारण पनि असन्तुष्टीका स्वर सुनिनुलाई अनौठो मान्नु हुँदैन। लुम्बिनी प्रदेश स्तरीय छलफल तथा अन्तर्क्रियाबाट सङ्कलित सूचनाहरूका आधारमा प्राप्त निष्कर्ष र सुझावहरू तल प्रस्तुत गरिएको छ।

## ५.१ निष्कर्ष

नेपालको संविधानले परिकल्पना गरे बमोजिम हाल नेपालमा तीन तहका सरकारहरू कृयाशिल छन्। संघीयता कार्यन्वयनका लागि तीनै तहको बिचमा जुन प्रकारको सहकार्य र समन्वय हुनपर्ने हो सो हुन सकिरहेको छैन र यो कुरालाई सबै तहबाट स्वीकारिएको पनि छ। यद्दपी यहि अवधीमा संघीयता कार्यन्वयनमा धेरै कार्यहरू समेत भएका छन्।५ बर्ष अगाडि संघीयता कार्यान्वयन शुन्यबाट शुरू गरेका संरचनाहरूले विस्तारै गति लिन थालेका छन्। नयाँ शासकीय प्रणाली भएतापनि नागरिकको घर नजिक सेवा प्रवाह हुनु, समावेशी प्रतिनीधित्वको क्षेत्रमा उल्लेख्य प्रगती हुनु, कर्मचारी समायोजन भई तल्लो तहसम्म पुग्नु, तीनै तहका सरकारहरूले प्राथमिकताका आधारमा कैयौ ऐनहरूको निर्माण, बाझिएका ऐनहरूको खारेजी, सबै तहमा योजनावद्ध विकास प्रयासको थालनी लगायत संघीयता कार्यान्वयनबाट थुप्रै धेरै उपलब्धीहरू भएका छन्। तथापी सुधार गर्नुपर्ने क्षेत्रहरू पनि धेरै नै रहेका छन्।जस्तैः शासक तथा प्रशासकमा रहेको परम्परागत सोच, अन्तरतह समन्वयमा समस्या, कानुन निर्माणमा ढिलासुस्ती, कमजोर संस्थागत क्षमता, जनप्रतिनीधिहरूको कमजोर क्षमता र कार्यक्षेत्रमा दोहोरो तथा तेहेरो अवस्थाले द्विविधा हुने आदि।

केन्द्रिकृत मानसिकता कर्मचारी प्रशासनमा भएको दोष राजनीतिक तहबाट लगाउने गरेको पाईन्छ। तर उक्त समस्या राजनीतिक तहमा झन वढि छ। उच्च नेतृत्वमा सत्तामा पुग्नासाथ केन्द्रीकृत मानसिकता हावी हुन्छ । यसमा सार्वजनिक प्रशासनको उच्च तहबाट पनि अन्य तहका अधिकार क्षेत्रको अतिक्रमण गर्ने मानसिकता र व्यवहारले थप मलजल गरेको छ । लोकतान्त्रिक व्यवस्थाका आधारभुत पाठशाला मानिने प्रदेश र स्थानीय तहको सफलतामा संघीय शासन प्रणालीको सफलता निर्भर छ भन्ने विश्वास सर्वप्रथम राजनीतिक तहमा भयो भने अन्यत्र क्रमशः सुधार हुनेछ।

त्यसकारण संघीय व्यवस्थाको सफलताका लागि प्रदेश र स्थानीय तहलाई केन्द्रमा राखेर विकासको बहस चलाउन आवश्यक छ ।

## ५.२ सुझावहरू

संघीय शासन प्रणालीलाई प्रभावकारी बनाउने दायित्व कुनै एक तहको सरकारको मात्र नभै सबैको हो। संरचनागत सक्षमता, कानुनी नीतिगत व्यवस्था, वित्तीय स्रोतको सुनिश्चितता, प्रशासनिक चुस्तता, समावेशिता, सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

- सङ्कल्प प्रस्ताव अनुसार राजनीतिक, वित्तिय, र प्रशासनिक संघीयतालाई बलियो बनाउन अत्यावश्यक ऐन, नियमहरूको तर्जुमा शिघ्र आवश्यक छ।
- संघ प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक प्राव्धान वारे तीनै तहमा समान वुझाई हुन जरुरी छ।
- लोकसेवा आयोगसँग कर्मचारी माग नगर्ने तर कर्मचारीहरू जथाभावी करारमा नियुक्ती गर्ने प्रचलन अविलम्ब रोक्नु पर्दछ।
- बजेट बाँडफाँड र योजना कार्यान्वयनमा तीनै तहका सरकारको सहकार्यको आवश्यकता छ। तर सशर्त अनुदानको नाममा संघबाट समेत एक दुईलाखका आयोजना पठाउने काम बन्द होस।
- नागरिकहरूमा संघीयताको सम्बन्धमा बढेको वितृष्णालाई न्युनिकरणका लागि सरकारहरूले मात्र नभै राजनीतिक तहबाट पनि तदारुकता जरुरी छ।
- स्थानीय तह र प्रदेश सरकारलाई सवलिकरण गर्न सकियो र यिनीहरूको कार्यसम्पादन राम्रो रह्यो भने मात्र संघीयताको बारेमा आम नागरिकको बिचमा सकरात्मक सन्देस प्रवाह हुनेछ।
- प्रदेश तथा स्थानीय तहले संघीय सरकारको भर नपरी स्वतन्त्र रूपमा गर्न सकिने कामहरू जस्तैः आवश्यक कानुनहरू तर्जुमा गर्ने, भ्रष्टाचार नियन्त्रणमा कडाईका साथ प्रस्तुत हुने, वेरुजुहरूलाई न्युनीकरण गर्ने आदि काममा तदारुकता लिन कसैले छेकेको छैन। यसमा ध्यान जाओस।
- सरकारले गर्दै आएका र गर्नै पर्ने कामहरू नगरी सत्ता जोगाउनैका लागि मन्त्रालयहरू तथा सँरचनाहरू थप्ने र टुक्र्याउने कार्य बन्द होस।
- प्रदेश र स्थानीय तहलाई किटान भएका कार्यक्षेत्रबाट संघीय संरचना हटाईयोस।
- हाल रहेको प्रहरीको सँख्या नबढ्ने गरी नगर प्रहरी, प्रदेश प्रहरी र संघीय प्रहरी गठन गरी तिनिहरू बीच प्रतिष्पर्धा होईन आवश्यक समन्वय हुने प्रणाली आवश्यक छ।

- संघीय प्रणाली अनुरूप मितव्ययी र प्रभावकारी प्रशासनिक व्यवस्था कायम गर्न प्रशासनिक संरचना र कार्यप्रणालीमा सुधार गर्न आवश्यक छ ।
- कानुनहरू बनाउँदा धेरै टुक्रे कानुनहरू भन्दा संहिता र एकिकृत कानुन बनाउन उपयुक्त हुन्छ। किनभने जति धेरै संख्यामा कानुनहरू हुन्छन त्यतिनै शासन कमजोर हुने सम्भावना रहन्छ। त्यसैले एउटा नयाँ कानुन बनाउँदा कम्तिमा २ वटा पुराना कानुन खारेज गर्न सकिने बारेमा सोच्ने की?

## सन्दर्भसूची


काकिव्यस (२०७२)। *नेपालको संविधान।* कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाण्डौं।

काकिव्यस (२०७४)। *स्थानीय सरकार सञ्चालन ऐन, २०७४*। कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाण्डौं।

मलेप (२०७९)। *महालेखा परीक्षकको ५९औं वार्षिक प्रतिवेदन, २०७९*। महालेखा परिक्षकको कार्यालय काठमाडौ।

सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन, २०७५

राष्ट्रिय सभाद्वारा संघीयता कार्यान्वयन सम्बन्धमा पारित सङ्कल्प प्रस्ताव

LISA Nepal - Home (mofaga.gov.np) retrieved in 5th Aug., 2022.

# अनुसूचीहरू

# अनुसूची १-सङ्कल्प प्रस्ताव

संघीय संसद
राष्ट्रिय सभा

श्री सचिव
राष्ट्रिय सभा ।

राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ७८ बमोजिम देहाय बमोजिमको संकल्प प्रस्ताव पेश गर्न अनुमतिका लागि सूचना दिएका छौं ।

**संकल्प**

ऐतिहासिक संविधानसभाद्वारा २०७२ मा जारी नेपालको संविधानको विधिवत कार्यान्वयन २०७४ को चुनावपश्चात भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो । यस बमोजिमको अभ्यासका क्रममा केही उपलब्धिहरु भएका छन । सिंहदरवारको अधिकार नागरिकको घरदैलोसम्म पुगेको छ । सानातिना कामका लागि केन्द्रसम्म धाईरहनुपर्ने परिस्थितीको अन्त्य भएको छ । राज्यका हरेक अंगमा समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चित भएको छ । नागरिक सार्वभौमसत्तासम्पन्न भएका छन । तर कार्यान्वयन तहमा देखिएका कमजोरीका कारण नागरिकमा असन्तोष बढेको आभाष भएको छ । केन्द्रिकृत राज्यव्यवस्था परिवर्तनसँगै नागरिकले स्थायी शान्ति, सुशासन, दिगो विकास र समृद्धिको ठूलो अपेक्षा लिएतापनि सो बमोजिम काम हुन सकिरहेका छैनन ।
सरकारका तहहरुबीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने संविधानको व्यवस्था भएतापनि यसको पालना राम्रोसँग भएको देखिदैन । अपर्याप्त जनशक्तिका कारण प्रदेश र स्थानीय तहले अपेक्षाकृत उपलब्धि हासिल गर्न सकिरहेका छैनन । विना औचित्य शशर्त अनुदानका नाममा स-साना कार्यक्रम तथा योजनाहरु प्रदेश र स्थानीय तहमा पठाउने गरिएको छ । अधिकार र जिम्मेवारी प्रदेश र स्थानीय तहमा गएतापनि विभिन्न परियोजनाको नाममा संस्थागत संरचना थपगर्ने प्रवृत्ति मौलाएको छ । सरकारका तहहरु र राज्यसंरचनाबीचको गतिशीलता,सहकार्य र समभ्रुदारीमा कमीका कारण नागरिकप्रतिको जवाफदेहिता र उत्तरदायित्वको भावनामा ह्रास आएको छ ।
कसिलो अन्तरतहसम्वन्ध, सवल वित्तीय संघीयता, कामयावी प्रशासनिक संघीयता, कानून तर्जुमाको गतिशिलता र नागरिकमा सेवा प्रवाहको प्रवाभकारितामा मात्रै सुधार हुने हो भने संघीयताको कार्यान्वयनमा खासै समस्या रहदैन । यसै परिप्रेक्ष्यमा संघीय शासनप्रणालीको सवलीकरण लगायतमा नेपाल सरकार र अन्य सरोकारवाला निकायहरुको यथेष्ट ध्यानाकर्षणका लागि देहायअनुसारको व्यहोरा निर्देशन हुन यो संकल्प प्रस्ताव प्रस्तुत गर्दछौ ।

**निर्देशन :**

१. अन्तरतहसमन्वयकारी संस्थाहरु क्रियाशील गराउन ।
२. सरकारका तहहरुबीचको कार्यक्षेत्रमा देखिएको दोहोरोपनाको अन्त्य गराउन आवश्य कानूनी व्यवस्था गर्ने ।
३.सरकारका तहहरुबीचको नीति निर्माण र कानून तर्जुमाका बीचमा तादम्यता कायम गराउन ।
४.अन्तरप्रदेश परिषद वैठकको २०७५ मार्गमा अनुमोदित २९ बुंदे संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको पूर्ण कार्यान्वयन गर्न ।
५.अधिकार र कार्यवोभ्रुका आधारमा मात्र संस्थागत संरचनाहरु निर्माण गराउन ।
६.शशर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रमहरु बाँडफाँड बन्द गराउन ।
७. सहभागितामूलक योजनातर्जुमा पद्धतीलाई कार्यान्वयन गराउन ।

८. प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश वमोजिम हुने संविधानको व्यवस्थाको कार्यान्वयन गराउन ।
९. प्रदेश र स्थानीय तहमा देखिएको कर्मचारीहरुको न्यूनता पुरा गर्न ।
१०.प्रहरी लगायत प्रदेशमा समायोजन र हस्तान्तरण गर्न बाँकी संरचनाहरुको व्यवस्थापन गराउन ।
११. स्थानीय तहका पदाधिकारीहरुको सेवा-सुविधा ( सवारी साधनसहित ) मा एकरुपता कायम गराउन ।
१२. प्रदेशमा हुने मन्त्रालय र मन्त्रीको संख्यालाई चुस्त बनाउन आवश्यक गृहकार्य गराउन ।
१३. कानून तर्जुमामा तिव्रता दिन र यसको मस्यौदा निर्माणमा प्रदेश र स्थानीय तहको सहभागिता सुनिश्चित गर्न ।
१४. संघ, प्रदेश र स्थानीय तहवीचको सम्वन्धलाई सुदृढ समन्वयात्मक र सहज बनाउन आवश्यक प्रवन्ध मिलाउन , र
१५.सार्वजनिक खर्च पुनरावलोकन आयोग २०७५ को प्रतिवेदन सार्वजनिकरण र कार्यान्वयन गराउन ।

**सम्वन्धित मन्त्रालय :** प्रधानमंत्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थमन्त्रालय, संघीय मामिला तथा सामन्य प्रशासन र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय ।

अन्तमा, संघीयता कार्यान्वयनको सवै पक्षको गहन अध्ययनका लागि संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय समिति वान्छनीय देखिन्छ । समितिले सातवटै प्रदेशको ( केही पालिकासमेतको) स्थलगत अध्ययन गरी यस सम्मानित संसदमा प्रतिवेदन प्रस्तुत गर्नेछ । निश्चयपनि, संघीयता कार्यान्वयन पश्चात यसले सही मार्ग लिए/नलिएका बारेमा अध्ययन-विश्लेषण आवश्यक छ ।

**समर्थक**

हस्ताक्षर :

नाम, थर : जितेन्द्र नारायण देव

सम्वन्धित दल : नेपाली काँग्रेस

**समर्थक**

हस्ताक्षर :

नाम, थर : गोपी बहादुर सार्की आछामी

सम्वन्धित दल : नेकपा, माओवादी केन्द्र

**प्रस्तावक**

हस्ताक्षर :

नाम, थर : खिमलाल देवकोटा

सम्वन्धित दल : स्वतन्त्र

**समर्थक**

हस्ताक्षर :

नाम, थर : नन्दा चपाई

सम्वन्धित दल : नेकपा (एकीकृत समाजवादी)

**समर्थक**

हस्ताक्षर : Pramila

नाम, थर : प्रमिला कुमारी

सम्वन्धित दल : जसपा,नेपाल

**समर्थक**

हस्ताक्षर :

नाम, थर : देवेन्द्र दाहाल

सम्वन्धित दल : नेकपा, एमाले

मिति : २०७९/०२/०३

## अनुसूची २- समिति सचिवालयका कर्मचारी

| | | |
|---|---|---|
| श्री सीता काफ्ले वाग्ले | - | समिति सचिव |
| श्री दशरथ धमला | - | उपसचिव |
| श्री जीवनकुमार निरौला | - | शाखा अधिकृत |
| श्री नवीन कुमार बस्नेत | - | शाखा अधिकृत |
| श्री पवन महत | - | शाखा अधिकृत |
| श्री जितेन्द्र राय | - | नायब सुब्बा |
| श्री विमल कुमार श्रेष्ठ | - | नायब सुब्बा |
| श्री श्याम के.सी. | - | खरिदार |
| श्री श्रीजन खनाल | - | रा.प. अनं. पाँचौं |
| श्री पूर्ण गुरुङ | - | कार्यालय सहयोगी |

## अनुसूची ३- अन्तर्किया कार्यक्रम गरिएको लुम्बिनी प्रदेशको परिचय

लुम्बिनी प्रदेशमा नवलपरासी पश्चिम, रूपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम पूर्व, दाङ, बाँके र बर्दिया समेत १२ वटा जिल्लाहरू (पहाडका ६ र तराईका ६) समेटिएका छन्। नेपालको कूल भूभागको १२.१ प्रतिशत क्षेत्र ओगटेको लुम्बिनी प्रदेश पूर्वमा पाल्पा जिल्लाको रामपुर देखि पश्चिममा बर्दिया जिल्लाको राजापुर सम्म र उत्तरमा पुथा हिमाल देखि दक्षिणमा मर्चावार सम्म फैलिएको यस प्रदेशमा ४ वटा उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कूल १०९ स्थानीय तहहरू र ९८३ वडाहरू रहेका छन्। भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी र दक्षिण एसियाकै ठुलो दाङ उपत्यका यस प्रदेशका मुख्य आकर्षणहरू हुन। वि.स. २०७८ को जनगणना अनुसार यस प्रदेशको कूल जनसंख्या ५१ लाख २४ हजार रहेको छ।

आफ्नो भौगोलिक विविधता, आवश्यकता र विशिष्टता अनुरूप शासन प्रवन्ध आफैले गर्ने स्वतन्त्रताको सुनिश्चितता संघीय शासन मार्फत हुने भएकोले पछिल्ला दशकहरूमा यसको माग विश्वभर विस्तारै वढ्दै गयो। त्यस्तैगरी लोकतान्त्रिकरणको लहरसँगै सेवाप्रवाहको जिम्मेवारी नागरिकका नजिकका सक्षम निकायलाई दिईनुपर्दछ भन्ने मान्यताको विकास हुँदै जाँदा तल्लो तहका सरकारहरूको महत्त्व स्थापित हुँदै गयो। यसैक्रममा वि.स. २०७२ मा जारी गरिएको संविधानले नेपालमा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेछन् भनी तीन तहको शासन प्रणालीको व्यवस्था गर्‍यो। यसप्रकार संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो। संविधानले तीन तहहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व, र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने प्रष्ट्याए सँगै मुलुक संघीय शासन प्रणालीमा विधिवत रूपमा प्रवेश गर्‍यो। तर यसको कार्यान्वयन चरण भने वि.स. २०७४ मा सम्पन्न तीनै तहको निर्वाचनहरू पश्चात शुरु भएको हो।

नेपालमा संघीयतालाई राज्य सञ्चालनको प्रणालीका रूपमा अङ्गिकार गर्नुका पछाडि मुख्यत तीनवटा कारणहरू रहेका छन्। पहिलो, नेपालका विविध जातजाति, भाषाभाषी र भौगोलिक क्षेत्रको पहिचानको रक्षा गर्दै विद्यमान सामाजिक, आर्थिक विभेदहरूको अन्त्य गर्ने। दोस्रो, विकास प्रकृयालाई क्षेत्रीय, सामाजिक सांस्कृतिक र आर्थिक हिसावले न्यायोचित र समातामुलक बनाउने। तेस्रो, केन्द्रिकृत राजनीतिक, प्रशासनिक र वित्तीय प्रणालीलाई तल्लो तहसम्म निक्षेपित गर्ने। यसको

अर्थ सबै बर्ग, लिङ्ग, क्षेत्र र समुदायका नागरिकहरूप्रति समान हिसावले जवाफदेही हुने, लोकतान्त्रिक प्रणालीलाई संस्थागत गरी नागरिक सहभागितालाई प्रवर्द्धन गर्ने, सेवाप्रवाहलाई नागरिकको घर नजिक पुऱ्याउने र विकासलाई नतिजामुखी बनाई जनउत्तरदायी शासनको अनुभुती दिलाउने भन्ने हो।

## अनुसूची ४- अन्तर्क्रिया कार्यक्रमको कार्यक्रम ढाँचा

**राष्ट्रिय सभा, संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिद्वारा आयोजित**
**संघीय शासन प्रणाली सवलीकरण विषयक**
**अन्तर्किया कार्यक्रम**
**लुम्बिनी प्रदेश**
**स्थानः ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल**
**मणीग्राम, तिलोत्तमा -५, रूपन्देही**

**२०७९/४/६ गते पहिलो दिन** **कार्यक्रम संचालकः उपसचिव दशरथ धमला**

| कार्यक्रम | समय |
|---|---|
| ब्रेकफास्ट | ७.३० -८.३० |
| **आसन ग्रहण** | ९.००-९.०० |
| **राष्ट्रिय गान-** सामूहिक | ९.०५-९.०७ |
| **स्वागत मन्तव्यः** संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका **माननीय सदस्य मायाप्रसाद शर्मा** | ९.०७-९.१५ |
| **कार्यक्रमको उदघाटनः** राष्ट्रिय सभाका **सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना** | ९.१५-९.२० |
| **कार्यक्रमको उद्देश्यबारे प्रकाशः** संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका **संयोजकः माननीय खिमलाल देवकोटा** | ९.२०-९.३० |
| **छलफल तथा अन्तर्क्रिया**<br>• प्रदेश सरकार (मुख्य मन्त्री, प्रदेशका मन्त्रीहरू, नीति तथा योजना आयोगका पदाधिकारीहरू, मुख्यन्यायधिवक्ता)<br>• प्रदेश सभा (सभामुख/उपसभामुख, विपक्षी दलको नेता, विषयगत समितिका सभापतिहरू, दलका नेता/ मुख्य/प्रमुख सचेतक, सांसदहरू)<br>• लोकसेवा आयोगका पदाधिकारीहरू<br>• स्थानीय तह (उपमहानगरपालिका, नगरपालिका, गाँउपालिकाका प्रमुख/उपप्रमुख<br>• राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रदेश कमिटिका प्रमुखहरू<br>• निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, पत्रकार | ९.३०-११.३० |
| **टि ब्रेक** | ११.००-११.१५ |
| सहभागीसँगको अन्तर्क्रिया कार्यक्रमको निरन्तरता | ११.१५-१.०० |
| **दिवा खाना** | १.००-२.०० |
| सहभागीसँगको अन्तर्क्रिया कार्यक्रमको निरन्तरता | २.००-३.०० |

| मन्तव्य | ३.००-४.३० |
|---|---|
| • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री सुरेश अधिकारी | ३.००-३.१० |
| • प्रदेश सभाका माननीय सभामुख पूर्ण बहादुर घर्ती | ३.१०-३.२० |
| • राष्ट्रिय सभामा प्रमुख प्रतिपक्ष दलका नेता माननीय खिमलाल भट्टराई | ३.२०-३.३० |
| • नेपाल सरकारका माननीय राज्यमन्त्री उमेश श्रेष्ठ | ३.३०-३.४५ |
| • लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री कुलप्रसाद के.सी. | ३.४५-४.०० |
| • राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना | ४.००-४.२० |
| **कार्यक्रमको समापनः संयोजकबाट** | ४.२०-४.३० |

**२०७९/४/७ गते दोस्रो दिन**

| **कार्यक्रम** | **समय** |
|---|---|
| ब्रेकफास्ट | ७.३० -८.३० |
| **कार्यक्रमको उद्देश्यबारे प्रकाशः** संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका **संयोजकः माननीय खिमलाल देवकोटा** | ९.००-९.१० |
| **छलफल तथा अन्तर्क्रिया**<br>• कर्मचारीहरू (प्रमुख सचिव, सचिवहरू, विभिन्न आयोग तथा निकायका सचिवहरू/प्रमुख जिल्ला अधिकारी लगायत प्रदेश मुकामस्थित विभिन्न कार्यालयका प्रमुखहरू) | ९.१०-११.०० |
| **टि ब्रेक** | ११.००-११.१५ |
| सहभागीसँगको अन्तर्क्रिया कार्यक्रमको निरन्तरता | ११.१५-१२.३० |
| **मन्तव्यः** लुम्बिनी प्रदेशका प्रमुख सचिव डिल्लीराम शर्मा | १२.३०.-१२.४० |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव सुरेश अधिकारी | १२.४०.-१२.५० |
| संघीय संसदका महासचिव डा. भरतराज गौतम | १२.५०-१.०० |
| राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना | १.००-१.२० |
| **कार्यक्रमको समापनः** संयोजकबाट | १.२०-१.३० |

# अनुसूची ५- अन्तर्क्रिया कार्यक्रमका केही झलकहरू

















## अनुसूची ६- अन्तर्क्रिया कार्यक्रममा सहभागिता सम्बन्धी मापदण्ड

**प्रदेशबाट प्रतिनिधित्व**

- प्रदेशका मुख्य मन्त्री र मन्त्रीहरू सबै
- प्रदेश सभाका सभामुख र उपसभामुख
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता र सचेतकहरू
- प्रदेश सभाका संसदीय समितिका सभापतिहरू
- प्रदेश सभाका सदस्यहरू मध्येबाट (सबै राजनीतिक दल, क्षेत्र, लिङ्ग, सम्प्रदायको समानुपातिक प्रतिनिधित्व हुने गरी प्रतिनिधिमूलक रूपमा)

**स्थानीय तहबाट प्रतिनिधित्व**

- प्रदेश अन्तर्गतका महानगरपालिका, नगरपालिकाका मेयर र उपमेयरहरू तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरू मध्येबाट (सबै राजनीतिक दल, क्षेत्र, लिङ्ग, सम्प्रदायको समानुपातिक प्रतिनिधित्व हुने गरी)

  **नोटः** मेयर र उपमेयर, महिला र पुरूष तथा दोहोरिएर पुनः निर्वाचित र नयाँ निर्वाचित ५०/५० प्रतिशत हुने गरी)

**कार्यक्रम जिल्लास्थित कर्मचारीहरूको प्रतिनिधित्व**

- प्रदेशका प्रमुख सचिव
- प्रदेश मन्त्रालयका सबै सचिवहरू
- प्रमुख जिल्ला अधिकारी
- कार्यक्रम सञ्चालन हुने जिल्लास्थित कार्यालयहरूबाट कार्यालय प्रमुखहरू (संघ, प्रदेश र स्थानीय तहको प्रतिनिधिमूलक रूपमा)

**अन्य सहभागी**

- राष्ट्रिय मान्यताप्राप्त दलका प्रदेश कमिटिका प्रमुखहरु
- प्रतिनिधिमूलक रुपमा निजी क्षेत्र, नागरिक समाज, सहकारी, गैरसरकारी संस्था र पत्रकारहरु

## अनुसूची ७- अन्तर्क्रिया कार्यक्रमका सहभागीबाट व्यक्त धारणाहरुको विस्तृतीकरण

### विष्णु कुमार गिरी (गौमुखी गाउँपालिका प्रमुख, प्युठान)

- स्थायी कर्मचारीको अभाव
- प्रमुख प्रशासकिय अधिकृतको व्यवस्था स्थानीय तहबाट हुनुपर्ने।
- साझा सूचिका बिषयबस्तुलाई प्राथमिकतामा राखियोस ।
- शिक्षाको व्यवस्थापन र राजश्व वाडफाडमा संघ अनुदार भएको हो की ?
- राजश्व बाँडफाँडको कानुन बनाउन आवश्यक रहेको ।
- आवश्यक नीति नियम तय हुन नसकेको।
- स्थानीय तह मजवुत भएभने संघ कमजोर हुन्छ भन्ने मानसिकता त्याग्नु पर्यो।

### हुपलाल पोखरेल (धुर्कोट गाउँपालिका गुल्मी)

- सङ्कल्प प्रस्ताव कार्यान्वयन भएमा संघीयता पूर्ण रूपमा कार्यान्वयन हुनेमा विश्वस्त छु।
- संघीयताको महत्त्व जनस्तर सम्म पुग्न सकेन। संघीयता भनेको केवल प्रदेश मात्र हो भन्ने वुझाई रहनु गलत हो।
- संघले नै वित्तिय र प्रशासनिक रूपमा संघीयतालाई कमजोर गराउन खोजेको छ।
- साझा सूचिमा भएका अधिकारको व्यवस्थापनको लागी आवश्यक कानुन बनाउनु पर्यो।
- नीति, कार्यक्रम तथा योजना तय गर्दा प्रदेश हिजोको संघ जस्तो भएको छ।
- प्रदेशले स्थानीय तहसंग सहमति र सहकार्य गर्नु आवश्यक छ।
- निजामति ऐन र प्रहरी समायोजन ऐन छिटो आओस।

### नरूलाल चौधरी (नगर प्रमुख, घोराही उपमहानगरपालिका)

- स्थानीय तहले जुन रूपमा कानुनहरू निर्माण गरे सो अनुरूप प्रदेश र संघले गर्न सकेनन।
- संविधानले नै निक्षेपण गरेका भूमि र नापी जस्ता अधिकारहरूको अभ्यास गर्ने स्थानिय तहलाई दिईएको छैन।
- प्राविधिक कर्मचारी प्रयास छन् तर लेखा प्रशासनका कर्मचारीको अभाव छ। त्यस्तै स्थानीय तहले कर्मचारी वढुवा गर्न नगरपालिकाउँदा कर्मचारी मर्कामा छन्।
- संघीय कर्मचारी समायोजन हुदा एक तह बढुवा भयो। तर स्थानीय तहमा यो प्राव्धान लागु भएन।
- उपमहानगर पालिकाको एउटै वडामा २ जना ईन्जिनियरको दरबन्दी छ। काम गर्ने कर्मचारी राखौं

- आवश्यकताको आधारमा क्षेत्रगत कर्मचारीको व्यवस्था गरौं ।
- संघीयतामा प्रश्न उठिरहेको छ ।हालको अभ्यास एकात्मक प्रणाली जस्तो छ ।

**विमला अर्याल (सुनवल नगरपालिका प्रमुख, नवलपरासी)**

- संघीयताको कार्यान्वयमा धेरै समस्या भएतापनि धेरै उपलब्धि भएका छन् ।
- सिंहदरबारको केही अधिकार गांउमा आएको छ । यसलाई उपलब्धिको रूपमा लिनु जरुरी छ ।
- भुमिमा समस्या छ। भुमि आयोगको कार्य पारदर्शि छैन।
- अव्यवस्थित बसोबासलाई कसरी व्यवस्थित गर्ने।
- अस्थाई कर्मचारीको कारण कार्य सम्पादनमा समस्या परेको छ ।
- बनले IEE / EIA मा सहयोग नगरेको।
- शिक्षा ऐन चाडो आओस ।संघीयता कार्यान्वयनमा सबैको जोडबल हुनुपर्यो ।

**टिकाराम खडका (तुलसिपुर उनगरपालिका, दाङ)**

- सिँहदरवार गाउँमा गयो भनियो तर यथार्थमा त्यस्तो छैन।
- स्थानीय तहलाई समेत कमजोर बनाउन खोजियो।
- हामीलाई अहिले पनि एकात्मक राज्य र केन्द्रिकृत शासन प्रणाली भएको आभास हुन्छ।
- स्थानीय तहलाई सवल र सक्षम बनाउन आवश्यक छ ।
- संघ र प्रदेशका योजनामा व्यक्ति हावि छन्।
- एकल र साझा सुचिका अधिकारलाई ध्यान दिनु जरुरी छ।
- संघले नसकेको जग्गाको वर्गिकरणको कार्य स्थानीय तहलाई जिम्मा लगाउँदा स्थानीय तहको महत्त्व वढेको।

**देवेन्द्र वर्मा (उपप्रमुख, प्युठान नगरपालिका)**

- स्थानीय तहसँग समन्वय नगरी संघ र प्रदेशले गैससले भन्दा पनि लाजमर्दो तरिकाले योजना छान्दछन्।
- योजना कार्यन्वयनमा संघ र प्रदेशले स्थानीय तहसंग समन्वय गर्दैनन।
- भूगोल बमोजिम योजना बनाउन आवश्यक छ। तराईलाई हेरेर पहाडको योजना बनाउनु भएन ।
- गाउंको बाढि, पैह्रो तथा त्याहा हुने गिटि, बालुवा, माटो, ढुंगाको व्यवस्थापन गरौं ।
- शसर्त योजनाको विगविगी बन्द होस।
- कृषिमा लगानी बढाउन आवश्यक छ ।

- कृषिका अधिकृत हटाईयो। कसरी कृषि विकास हुन्छ।
- बजेट विनियोजनमा संघ, प्रदेश र स्थानीय तहको सहकार्य आवश्यक छ ।

**सुरेन्द्र थापा घर्ती (रोल्पा)**

- जिल्ला समन्वय समिति अधिकार विहिन भयो ।
- संघ र प्रदेश बाट स्थानीय तहमा जाने योजनाहरू स्थानीय तहको प्राथमिकताका योजना हुनु पर्यो।
- संघ र प्रदेशले बजेट तयारिको समयमा स्थानीय तहसंग समन्वय गर्नु पर्यो ।
- आवश्यक ऐन तुरुन्त आउनु पर्यो ।

**सरस्वती गिरी (रोल्पा)**

- संघीय शासन प्रणाली अन्तर्गत भुगोल माथि शासन गर्ने प्रणाली भएकोले यसमा स्थानीय तहलाई बलियो बनाउन आवश्यक छ ।
- वित्तिय हस्तान्तरणमा ध्यान दिनु जरुरी छ ।
- ससर्त अनुदानमा धेरै बजेट आउदा कार्यान्वयनमा समस्या रहेको ।
- स्थानीय तहलाई वित्तिय हिसाबले बलियो बनाउनु जरुरी छ ।
- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम पारदर्शि बनाउनु आवश्यक छ ।

**रुद्र प्रसाद उपाध्याय (वर्दघाट नगरपालिका)**

- संघीय कानुन आउन ढिलाई हुँदा स्थानीय तहमा कर्मचारी व्यवस्थापन कठिन भयो ।
- कतिपय नीति तथा कानुन आपसमा बाझिएका छन् ।
- सहभागिता तथा समाबेशिता छ तर क्षमता विकासको कार्यक्रम ओझेलमा परेको छ ।
- नीति तथा कानुन आपसमा बाझिएका छन् ।
- विकास योजना अत्यन्तै गुणस्तरहिन छन् । Low budget and bidding process को समस्या छ ।
- प्रदेशको बितरणमुखि कार्यक्रमलाई घटाउनु आवश्यक छ ।
- समाजवाद अन्मुख अर्थतन्त्रको स्थापना गर्नु जरुरी छ जसको लागि सहकारीलाई गांउ — गांउमा पुर्याउ ।
- गुणस्तरिय शिक्षा कहिले ?
- तराईमा समेत कृषियोग्य जमिन वर्गिकरण भएन ।

**खेलराज पाण्डे (नगर प्रमुख, बुटवल उपमहानगरपालिका)**

- एउटै सडकमा स्थानीय तह, प्रदेश र संघले बजेट पारेको देखिन्छ। समन्वय नै छैन तिन तहको बिचमा ।

- स्थानीय तहको सिफारिसको आधारमा प्रदेश र संघले बजेट दिने पद्दतिको बिकास गरौं।
- सामुदायिक वनको ऐनमा समस्या छ । यसको अधिकार कसलाई हो ?
- स्थानीय तहमा कार्यरत कर्मचारी २५,३० बर्षदेखि एउटै पदमा छन्। यसको व्यवस्थापन के हो?
- केन्द्रले टेण्डर निकाल्छ, स्थानीय तहले हेर्ने मात्रै हो ?
- केन्द्रिय बजेट तथा योजनाको अनुगमन कसले गर्ने ?
- केन्द्रको योजना प्रदेश तथा स्थानीय तहले समेत हेर्न पाउनु पर्यो ।
- बुटवलमा २३००० घरधुरी अव्यवस्थीत छन्, यसको व्यवस्थापन गरौं ।

**भोज प्रसाद श्रेष्ठ (प्रदेश सभा सदस्य)**

- संघीयताको आवश्यकता हो कि होईन ? वहस गरौं ।
- दलहरू नै संघीयताप्रति सकारात्मक हुन सकेनन्
- हामीले स्थानीय तहलाई बलियो बनाउने भनौं तर बलियो हुन सकेनन ।
- संघीय सरकारले आफ्नो उपस्थिति नीति निर्माण भन्दा पनि बढि योजना कार्यान्वयनमा राखेको छ।
- स्थानीय तह र प्रदेशलाई संघले अधिकार नै दिएन ।
- प्रशासनले राजनीतिक दललाई चिन्दैन । काम गर्न त्यति सजिलो छैन ।
- प्रशासनको अगाडि राजनीतिक दल छायामा छन् ।
- वित्तिय आयोग खै ?
- हाम्रो कार्यलाई कानुनले बाध्ने तहमा लैजाउ ।

**तुल बहादुर घर्ती (प्रमुख सचेतक, नेकपा माओवादी केन्द्र)**

- शासन प्रणालीको स्वरूप वदलियो तर शासकको विचार वदलिएन ।
- संघीयता कार्यान्वयनको समस्या संघमा छ, स्थानीय तह र प्रदेशमा छैन ।
- नेपाल जस्तो बहुभाषि, वहु-धार्मिक, वहु-जातिय देशमा संघीयता सर्वश्रेष्ठ शासन प्रणाली थियो र छ तर संघले कमहोर बनायो ।
- नियतवस संघले निजामति ऐन र प्रहरी ऐन ल्याएन ।
- संकल्प प्रस्ताव अनुरूप कार्य होस ।

**रामदेश क्षेत्री (प्रदेश उपाध्यक्ष, नीति तथा योजना आयोग)**

- संघीयता हामीले जसरी कल्पना गरेका थियौं, त्यो अनुरूप लागु हुन सकेन ।
- सबैकाम केन्द्रबाट भएकोले संघीयता प्रति आम नागरिकको वितृष्णा बढेर गएको छ ।

- विकेन्द्रीकरण कहिले ?
- ससर्त पैस आयो, वित्तिय समावेशिता आएन ।
- एकात्मक ढांचा भन्दा फरक रहेन अहिलेको संघीयता ।

**दिलाराम भट्टराई (प्रदेश लोकसेवा आयोग)**

- कर्मचारी अभावको गुनासो सबै मन्त्रालयमा छ ।
- करारको कर्मचारी भन्दा दरबन्दी कम रहेको छ । यसलाई कसरी व्यवस्थापन गर्ने ।
- करिब २५०० दरबन्दी खाली छ ।

**श्रीकृष्ण सुबेदी (मुख्य न्यायाधिवक्ता)**

- दोहोरिएको कानुनको निकास दिनु जरुरी छ ।
- एकल अधिकार र साझा सूचिमा थुप्रैकुराहरू बाझिएका छन् ।
- प्रदेशले आवश्यकताको आधारमा कानुन बनाउन सकेको छैन ।

**NGO Federation Lumbini**

- जुन उदेश्का साथ संघीयता शुरु भयो । त्यो पुरा हुन सकेन ।
- हामीले आ-आफ्नो जिम्मेवारी पुरा गरौं वा गरेनौं ?
- Protocol मा समस्या छ। Protocol भत्ता, सेवा र सुविधाको लागि मात्रै बनाईयो ।
- प्रदेश आवश्यक छ । प्रदेशले आफ्नो अधिकार प्रयोग गर्न सकेन ।
- एउटा स्थानीय तहले गरेको काम कुनै पनि सरकारलाई थाह छैन (नत अर्को स्थानीय तह, नत प्रदेश न संघ) अनि संघीयता कसरी बलियो र सबल हुन्छ ।

**वसन्त गिरी (पत्रकार)**

- तिनै तहको सरकारलाई सवलिकरन गर्न पत्रकार महासंघको भूमिका अहम छ ।
- प्रदेशको पत्रकार महासंघ, केन्द्रमा कन्ट्रोल छ ।
- गतबर्ष लुम्बिनी प्रदेशले पत्रकारको लागि १३ करोड खर्च गर्‍यो तर संघले ५ लाख पनि गरेन ।
- प्रदेश सरकार बलियो बनाउन आवश्यक छ ।
- संचार विधेयक संघको होईन प्रदेशको हुनु जरुरी छ ।

**इश्वरी प्रसाद चापागाई (अध्यक्ष, नागरिक समाज)**

- वित्तिय व्यवस्थापन कसरी गर्ने ?
- प्रदेशको आवश्यकता माथि छलफल गरौं ।
- प्रदेशको पक्षमा कुनै पनि नागरिक छैन ।

**निमेश पाण्डे (पत्रकार तथा संचारकर्मी)**

- प्रदेशको बारेमा धेरै आवाज उठेको छ ।
- प्रदेशको आवश्यकता हो कि होईन मनन गरौं ।
- सिंहदरबारको झण्डावाला गाडि प्रदेशलाई बाडौं अरु केही हुन सकेन । यो कुरा उठाएमा संघीयता बिरोधि भनिन्छ । समस्या कहां छ पहिचान गरौं ।
- प्रदेशले जनपेक्षा अनुरूप काम गर्न सकेन भन्ने छ ।
- संघले प्रदेश र प्रदेशले स्थानीय तहलाई दोष दिन्छ संघीयताको सवालमा

**राजन नेपाल (अधिवक्ता)**

- सुशासन र समृद्धि हरायो ।
- स्थानीय तहको अधिकार खोई ?
- महिलाको लागि कानुन बलियो बनाउ ।

**दामोदर भुसाल**

- अमेरिकाको संविधान २७ पटक भन्दा बढि पटक संशोधन भयो । नेपालमा किन संविधान नै परिवर्तन गर्नु पर्यो ? संविधानलाई संशोधन गरेर सहज रूपमा अगाडि बढाऔं ।
- नागरिकको मौलिक हकको कार्यान्वयनको अवस्था के छ ? कार्यान्वयन गर्न नसके किन राख्ने ?
- मौलिक हक कार्यान्वयन गर्ने कानुन किन आउन सकेन ?
- संघमा नअटेका र बस्न नचाहने कर्मचारीलाई मात्रै प्रदेशमा पठाउने ?
- खुल्ला प्रतिस्पर्धाबाट सचिव र मुख्य सचिव ल्याउने व्यवस्था गरौं ।
- स्थानीय तहको कार्याकारी प्रमुख पनि खुल्ला प्रतिस्पर्धाबाट ल्याउने व्यवस्था गरौं ।
- कर्मचारीको मानसिकतालाई परिवर्तन गर्नुपर्ने देखिन्छ ।

**प्रकृती पोखरेल**

- विद्यालय तहमा नै तिनै तहको सरकारको बारेमा पढाउनु आवश्यक छ ।
- हामीसंग संघ, प्रदेश र स्थानीय सरकार छ । यि तिनै तहका सरकारले के-के गर्दछन् आम नागरिकलाई जानकारी दिनु जरुरी छ ।

**अशोक यादव**

- नेपालमा फरक किसिमको संघीयताको अभ्यास गरियो ।
- स्थानीय तहको अनुगमनको जिम्मा प्रदेशलाई दिउँ ।
- प्रदेशलाई अधिकार दिने कुरामा राजनीतिक दलका नेता अनुदार भए ।
- के हरेक तहका सरकारलाई अनुगमन गर्न आवश्यक छ ?

- प्रदेशलाई बलियो बनाईयो भने मात्र संघीयता सबलिकरण हुन्छ । अन्यथा गाह्रो छ ।
- यहि मुलुकका कर्मचारीलाई व्यवस्थापन गर्न किन डराउने ?
- स्थानीय तहको निर्वाचन दलविहिन रूपमा गर्नुपर्यो ।
- राजनीतिक दलले स्थानीय तहको कानुनलाइ हस्तक्षेप गर्नु भएन ।
- हिजोको शासन प्रणाली भन्दा आजको शासन प्रणाली कसरी सहज, सरल, सस्तो र लोकप्रिय बनाउने ? यसतर्फ बहस गर्नु जरुरी छ ।

**विर बहादुर राना (उर्जा तथा सिंचाई मन्त्री)**

- सोच र शैली परिवर्तन गर्न आवश्यक छ ।
- के आफैमा संघीय पद्दति खराव हो त ?
- यो छलफल यहाँ होईन माथि नै गर्न आवश्यक छ। संघीयता कमजोर बनाउने काम तलबाट होईन माथिबाट नै भएको छ।
- संघीयता कार्यान्वयनमा राजनीतिक दलहरू किन उदासिन छन् ?
- प्रदेशको अधिकार खोई ?
- दल सरकारमा हुदा एउटा, बाहिर हुदा अर्को कुरा गर्ने ? यस्तो पाराले संघीयता सबलीकरण हुन गाह्रो छ ।
- आज कसका कारण संघीयताप्रति वितृष्णा आएको छ ? मनन गरौं, सुध्रौं, सुधारौं ।

**तिलकराम शर्मा (आन्तरिक मामिला मन्त्री)**

- हरेक तहले के गर्ने भन्ने बिषयमा छलफल भएन ।
- संघीयतालाई सबलिकरण गर्ने बिषयमा नत छलफल भयो नत ध्यान नै गयो ?
- तिनै तहका सरकारले गरेका राम्रा कामको बारेमा समेत छलफल भएन ।
- कुन कुन सरकारले के गर्ने हो छलफल गरौं ।
- राष्ट्रिय सभाले आफ्नो दायित्व पुरा गरोस ।

**डिल्ली चौधरी (पर्यटन, शहरी तथा ग्रामीण विकास मन्त्री)**

- प्रदेशगत कामको मुल्यांकन होस। यसले प्रदेशलाई सबलिकरण हुनमा सहयोग गर्दछ।
- संघीयताको बाहिरी अभ्यास हेरौं ।
- संघीयता ल्याउनुको मुख्य उदेश्य संघीय सरकार फेल भएमा पनि राष्ट्र चल्छ भनेर होईन र?
- संविधानको कार्यान्वयनमा विशेष जोड दिनु आवश्यक छ ।
- संकल्प प्रस्ताव पास गर्नको लागि केन्द्रलाई नै जोड दिनोस ।

- तिनतहका सरकारबिच संबन्ध बलियो छैन ।
- वित्तिय आयोग, साझा सूचीका अधिकार कार्यान्वयन लगायतमा ध्यान दिनु जरुरी छ ।

**कृष्णध्वज खडका (अर्थ तथा सहकारी मन्त्रालय)**

- संघीय लोकतान्त्रीक व्यवस्था के हो ? कस्तो हो ? यसको उदेश्य के हो ? नागरिकलाई बुझाउनु जरुरी छ ।
- दलहरू नै संघीयता प्रति अनुदार भए। आफ्नो जिम्मेवारी समेत पुरा गर्न पछाडी परेको जस्तो भान हुन्छ ।
- संविधान कार्यान्वयन गर्ने पाटोमा किन दलहरू चुके ?
- नंया सोच बनाऔं, कार्यदिश बनाउ, परम्परावादी सोचलाई परिवर्तन गरौं ।
- न्याय अपारदर्शि र महंगो छ ? कस्ले बोल्ने ?
- निर्वाचन प्रणाली महंगो भयो । यसलाई कम खर्चिलो बनाउनु जरुरी छ ।
- प्राकृतिक स्रोत र साधनको प्रयोगमा कुन सरकारको अधिकार हो ? कानुन बाझिएको छ।
- संघीय लोकतान्त्रीक गणतन्त्रलाई कसरी बलियो बनाउने ? छलफल गरौं ।

**वसिम उद्दीन खा (शिक्षा मन्त्री**

- प्रदेश सरकारलाई पंगु बनाईएको छ ।
- शासन गर्ने झण्डा दिईयो तर प्रशासन दिईएन ।
- केन्द्र सरकारले शिक्षा नीति नदिँदा शिक्षामा धेरै समस्या छ ।
- संघीय सरकारले समानान्तर सरकार चलाईरहेको छ ।
- शिक्षाको व्यवस्थापन धेरै नै कमजोर छ ।
- शिक्षाको बजेट केन्द्रकृत रहेको छ ।लगानी बढाउन आवश्यक छ ।

**सहसाम यादव (भौतिक मन्त्री)**

- There is no coordination between three-tier of government.
- योजनालाई बर्गिकरण गर्नु पर्यो ।
- शासन प्रणालीमा सुधार गर्न आवश्यक छ ।

**रामचन्द्र राई, सदस्य,राष्ट्रिय सभा**

- छलफलमा जे कुरा उठेको छ। यथार्थ विवरण सहितको प्रतिवेदन सरकारलाई बुझाउनु जरुरी छ।
- संघीयता बलियो बनाउने दायित्व तपाई हामी सबैको हो ।
- सबैले प्रयास गरे असम्भव केही हुँदैन ।

**प्रमिला कुमारी, सदस्य,राष्ट्रिय सभा**

- राज्यको शक्ति, सत्ता, अधिकारमा समानुपातिक र सहभागितामुलक वितरण हुनुपर्दछ ।
- मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्गलाई राज्यको पहुचमा ल्याउनको लागि संघीयतालाई बलियो बनाउनु आवश्यक छ ।
- संघीयता सबैको सम्पत्ती भएकोले संरक्षण गर्नु सबैको दायित्व हो ।

**सुरेश अधिकारी (संघीय सचिव)**

- एक अर्काको कमजोरी मात्रै कोट्याउने भन्दा पनि कसरी सहकार्य गरेर अगाडि बढ्ने भन्ने वारेमा केन्द्रित हुनुपर्यो।
- कर्मचारीको अभिलेखिकरणको लागि पनि संघीय निजामति ऐन आवश्यक छ ।
- प्रदेश लोकसेवाको लागि सिटरोल दर्ता गर्ने व्यवस्था शुरू भैसकेको छ ।
- प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहलाई दिने भन्ने कुरा ऐनमा नै राखौं ।
- सरुवा गर्न मन्त्रालयलाई दवाव दिईन्छ ! यसमा के गर्ने ?
- ससर्त अनुदानलाई न्युनिकरन गर्न जरुरी छ ।

**पुर्ण बहादुर घर्ती (सभामुख)**

- संविधानको धारा २३२ ले संघ प्रदेश र स्थानिय तहहरू एक अर्का मातहतका अङ्ग नभएर संविधान र कानुनका सिमामा वाधिएका सहयोगी र परिपुरक संरचना हुन् भन्ने कुरा स्पष्ट गरेको छ ।
- सरकारका तिनै तहहरू प्रतिस्पर्धि नभएर सिंगो प्रणालीमा आवद्द उप प्रणाली मात्र हुन् जस्ले नागरिकको बृहत्तर हितको लागि एक आपसमा मिलेर सहकार्य गर्न पर्दछ भन्ने संविधानको मुल आशय हो। भन्ने मेरो बुझाई रहेको छ । कार्यान्बियनका केही अनुभुतिू ५ बर्ष सम्म पनि आवश्यक संघीय कानुनहरू बन्न नसक्नु संघको कानुन नहुंदा प्रदेश र स्थानीय तह समेत आ आफ्नो क्षेत्राधिकारमा कानुन बनाउनबाट वञ्चित रहनु प्रदेश र स्थानीय तहमा कानुन बनाउने सैद्धान्तिक क्षमताको कमि हुन बिडम्बनाको विषय हो। अहिले सम्म पनि निजामति ऐन र प्रहरी ऐन बन्न् सकेको छैन। जस्ले प्रदेशको पहिचानलाई अभिव्यक्त गर्छ यो निर्माण नहुनु बिडम्बनाको विषय हो ।
- प्राकृतिक स्रोत तथा वित्त आयोगले तिनै तहका सरकारहरू बिच हुने वित्त हस्तान्तरण तथा प्राकृतिक स्रोतहरूको सन्तुलित तथा समन्यायिक बाँडफाँड गर्न नसक्नु ।
- पुरानो राजनीतिक प्रणालीलाई बदलेर प्रणालीमा जाने सहमति राजनीतिक नेतृत्वमा भएपनि प्रशासनीक सुधारमा बदलाव लिन नसक्नु संघीयता कायर्कान्वियनको समस्यामा बनेको छ।

- समायोजनमा प्रदेश र स्थानीय तह कर्मचारीको आकर्षणमा पर्न नसक्नु, दक्ष , अनुभवी र क्षमतावान कर्मचारीले संघमै रोज्नु प्रदेश र स्थानिय तहमा कर्मचारीको न्यूनता हुनु प्रदेश र स्थानीय तहमा आउने कर्मचारीहरू घरपायक र नम्बर लिने उद्देश्यले आउने तर मन मस्तिष्क संघमै हुनु, नयां नियुक्त कर्मचारीहरूमा अनुभवको कमी हुनु करार कर्मचारीको रूपमा अनुभवहिन राजनीतिक कार्यकर्ता भर्ति गर्ने कर्मचारीको वृति विकासमा अन्योल हुनु, जन प्रतिनिधि र कर्मचारी बीचमा सुमधुर सम्बन्ध हुन नसक्नु ,उत्प्रेरणा र मनोवलको कमी हुनु, आदी कारणले प्रदेश र स्थानीय तहलाई प्रशासनिक संघीयताले उपेक्षा गरेको देखिन्छ।
- संविधानले स्थानीय तहमा अपेक्षा राखेको काम संविधानको भावना विपरित माथिल्लो तहमा फर्काउनु, संघले प्रदेश र स्थानीय तहलाई आफु मातहतको इकारीको रूपमा बुझ्ने केन्द्रिकृत मानसीक्ता अझै कायम रहनु ।
- प्रदेश तथा स्थानिय तहमा राजनीतिक अपरिपक्वता र कर्मचारीको अकार्यगत संस्कृतिले जन प्रतिनिधि र कर्मचारीको कार्य क्षेत्र स्पस्ट नहुदा द्धन्द वढ्नु ।
- प्रदेश र स्थानीय तहलाई राजश्वको जिम्मेवारी न्युन रहनु अधिकांश स्थानीय तहको आन्तरिक आय कमजोर हुनु र संघको अनुदान माथि परनिर्भरता बढ्दै जानु ।
- संघ प्रदेश तथा स्थानिय तहका सरकारहरू बिचको अन्तर सम्बन्ध स्पष्ट रूपमा परिभाषित नहुनु अन्तर प्रदेश परिषद प्रभावकारी हुन नसक्नु ।
- भर्खरै मात्र संघ प्रदेश र स्थानिय तहमा नयां आ.व. २०७८/०७९ शुरु भएको छ । पुरानो आ.व.का काम कार्वाहीहरूको क्लोजिङ हुदै गर्दा प्रदेश संघको सिस्टममा देखिएका प्रवृत्तिले संघीयता होइन केन्द्रिकृत राज्य व्यवस्थाको झल्को दिन्छ। संघीयता कार्यान्वयनमा आई सकेपछि ऐीःद्यक्ष्क् मा प्रदेशको स्वायत्तता हुनु पर्ने होइन र? संघीय प्रणली आफैंमा साध्य नभएर राज्य संचालनको साधन हो। समाज विकाशको उतारचढावसंगै साघनहरू परिवर्तित हुदै जान्छन् भोलीको आवश्यत्ताले अहिलेको शाषकीय स्वरूप पनि परिवर्तन हुँदै र संघीयताको होइन हाम्रो पुरानो विचार र संस्कृतिको हो। राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वमा रहेको एकात्मक सोच र प्रवृति हो । ५ बर्षको लागी जे जसो गरेर भए पनि निर्वाचित भएको छ यसो कमाउने मेसो गरौं भन्ने प्रवृति देखिन्छ।
- समग्रमाः सरकारका तिनै तहहरू प्रतिस्प्रधि नभएर सिंगो प्रणालीमा आवद्ध उप-प्रणाली हुन, संघीय प्रणाली आफैमा साध्य नभएर साधन मात्रै हो। निजामति ऐन आजसम्म आउन नसक्नु भनेको सरकार संघीयता कार्यान्वयनमा उदासिन देखिनु हो। क्षमतावान कर्मचारी संघले राखेर संघले प्रदेश र स्थानीय तहमा प्रशासनिक सुधार हुन दिएन। कर्मचारी प्रशासन, स्थानीय तह, प्रदेश र संघको विचमा समन्वय छैन ।

**खिमलाल भट्टराई (राष्ट्रिय सभा, विपक्षी दलको नेता, नेकपा एमाले)**

- संघीयता माथि उठेका समस्त कुराको उत्तर खोज्नु आवश्यक छ ।
- हाम्रो मुल समस्या केन्द्रकृत मानसिकता हो ।
- संघ, प्रदेश र स्थानीय तहको लागि बजेट बिनियोजनको सिमा तोक्नु पर्यो ।
- बजेट बिनियोजनको परम्परागत पद्धतिलाई परिवर्तन गर्नु आवश्यक छ ।
- प्रदेश र संघले बिकास खर्च गर्न नसक्ने साधारण खर्च नपुग्ने। यसलाई कसले सुधार्ने ।
- मन्त्रीपरिषद् ठुलो बनाउनुको औतिच्य के हो ? (बिशेष प्रदेशमा)
- संघीयता सम्बन्धि वहस पैरवी चलाउन आवश्यक छ ।

**माननीय उमेश श्रेष्ठ (संघीय मामिला तथा सामान्य प्रशासन राज्यमन्त्री)**

- नेपाल संभावना नै संभावनाको मुलुक किन गरिव भयो ।
- संघीयतामा किन वितृष्णा ? हामी किन सक्षम हुन सकेनौ ?
- सङ्कल्प प्रस्ताव अनुसारको कार्ययोजना मन्त्रीपरिषदबाट पास गरेर पुर्ण रूपमा कार्यान्वयन गराउने प्रण गर्दछु।
- पुजिगत खर्च पुरा गर्न नसकेकोले विकास कम भयो ।
- प्राविधिक शिक्षालाई जोड दिउ। हाम्रो देशको युवा अरु देश बनाउन जाने ? यो देश कसले बनाउने हो ? यसलाई रोक्ने नीति तथा योजना तय गरौं ।
- संघीय सरकार ठुलो — ठुलो योजना बनाउने कार्यमा लाग्नु पर्यो । स — सानो योजना पहिचान गरि प्रदेश र स्थानीय तहलाई दिनुपर्यो ।

**कुल प्रसाद के. सी. (मुख्यमन्त्री, लुम्बिनी प्रदेश)**

- संघीयता बलियो बनाउन यस्तो वहस, छलफल तथा अन्तर्क्रिया आवश्यक छ ।
- राजनीतिक आन्दोलनको लागि यो पुस्ता जिवित पुस्ता हो। परिवर्तन गर्‍यो भने यहि पुस्ताले गर्दछ।
- संघीयता बलियो बनाउने दायित्व तपाई हाम्रो हो ।
- यहि व्यवस्थाको कारण धेरै उपलव्धि भएको छ, किन यसको विरोध ?
- तहगत अधिकारको व्यवस्था हुनु जरुरी छ ।
- भूमिको समस्या एकातिर काम अर्कोतिर

**सम्माननीय अध्यक्ष (राष्ट्रिय सभा)**

- ५ बर्ष हामीले संघीयता हेर्यौं त्यसैले यो समय संघीयता कार्यान्वयनमा काहाँ-काहाँ समस्या छ, त्यो केलाउनु छ । त्यसले नै हामीलाई आगामी कार्यदिश प्रदान गर्दछ।

- आम नागरिकले सुशासन र सेवा प्रवाह खोज्ने हो, त्यसमा हामीले कति Delivery गर्यौं, मनन गरौं।
- प्रशासनिक खर्चलाई न्युनिकरण गर्न जरुरी छ त्यसका लागि संघ र प्रदेशमा मन्त्रालयको संख्या घटाउनु जरुरी छ। खर्च न्युनिकरण नगरेसम्म आम नागरिकको संघीयताप्रतिको विश्वास वढाउन सकिदैन ।
- नागरिकको मन जित्नको लागि योजना छनौट, वित्त व्यवस्थापन, प्रशासनिक कार्यक्षमता र आवश्यक ऐन तथा नियम तयार गरी कार्यान्वयन गरौं ।
- प्रदेशले योजना बनाउँदा स्थानीय तहसंग समन्वय गरेको छ त ? संघलाई मात्र दोष दिन पाईन्छ ?
- चुनावमुखी योजनाले टुक्रे योजना बढि भएका छन्, यस्तो कुरालाई निरुत्साहित गर्नु पर्दछ।
- चुनावमुखी भन्दा पनि सेवामुखी र आवश्यकतामुखी योजना तय गरौं ।
- हाम्रा योजना दिगो विकासका लक्ष्य प्राप्त गर्नेतर्फ उन्मुख होउन।
- संघीयता कार्यान्वयनमा दलहरू एकै ठाउमा उभिनु जरुरी छ।

**दुर्गा वहादुर कार्की (सचिव, वन तथा वातावरण मन्त्रालय)**

- साझा अधिकारले अन्यौल बनायो।
- राष्ट्रिय बनको सुरक्षा प्रदेशलाई छ तर ऐन संघको छ।
- बनका मुद्दाहरू थाँति रहेका छन्।
- प्रदेशले बन नियमावली र कार्यविधी बनायो तर पछि संघले त्यो सँग वाझिने गरी कार्यविधी बनायो। कार्यान्वयन गर्नेलाई कुन कार्यविधी पालना गर्ने भन्ने अन्यौल बनायो।
- खानीको उत्खनन माथिबाट व्यवस्थापन प्रदेशले गर्नुपर्ने।
- बनक्षेत्रका साना खोलानालाहरका ढुङ्गा गिट्टि वालुवाको परिचालन दोहरोपना छ।

**यम नारायण देवकोटा (सचिव, कृषि मन्त्रालय)**

- ऐन नहुँदा कर्मचारीको खटनपटनमा कठिनाई।
- संघका पुर्ववत अवस्थाका कार्यालयहरू उपयोग गर्न पाईएको तर सम्पत्ती हस्तान्तरण नभएको।
- कार्यान्वयन संघले गर्ने होईन।
- स्रोतकेन्द्रहरू संघले प्रदेशलाई हस्तान्तरण गर्दा उपयुक्त होला।

**नेत्र सुवेदी (सचिव, अर्थ तथा सहकारी मन्त्रालय)**

- आन्तरिक आय बढाउनमा चेष्टा छैन खर्च वढाउन मात्र उद्धत भयौ हामी।
- अनावश्यक सँरचनाहरू बढाउने होडवाजीले राम्रो सन्देश गएन।
- अधिकार खोज्ने तर अधिकारको अभ्यासका लागि आवश्यक क्षमता वारे वास्ता गरेनौं।

**दिव्य घिमिरे (सचिव, उर्जा, जलस्रोत तथा सिचाई)**

- क्षेत्रातिकारमा दोहोरो तेहोरोपना भयो।
- ऐन समयमा नबन्दा सबैलाई अन्यौल भयो।

**अमृत श्रेष्ठ (सचिव, पुर्वाधार विकास मन्त्रालय)**

- प्रदेशका लोकमार्गहरू कुन हुन भन्ने नै स्पष्ट नभएकोले आयोजना कार्यान्वयनमा समस्या भएको छ।
- संघीय सरकार ससाना आयोजनामा अड्किने होईन र ससर्त अनुदानका नाममा टुक्रे खुद्रे आयोजना तल पठाउँदा लाभ भन्दा झन्झट धेरै भयो।

**महेशचन्द्र न्यौपाने (सचिव, पर्यटन तथा संस्कृती मन्त्रालय)**

- प्रदेशले सृजना गरेका पदहरू राष्ट्रिय किताव खानामा दर्ता हुन नसकेको।
- आयोजनाहरूमा दोहरोपना धेरै भयो।
- आयोजना कार्यान्वयन प्रदेशले गर्नेऽ सेवा प्रवाह स्थानीय तहले गर्ने र नीति संघले बनाउने भए राम्रो हुन्थ्यो कि।
- स्थानीय तहले योजना तर्जुमा गर्ने निस्चित विधी र चरणहरू तोकिएका छन् तर प्रदेश र संघका योजनाहरू कसरी बन्दछन्। स्थानीय तहले नसुनेका योजनाहरू कसरी संघीय वजेटमा अटाउँदछन्।

**दिपकराज नेपाल (सचिव, महिला तथा वालवालिका मन्त्रालय)**

- सडक दस्तुर आयकर प्रदेशमै रहने व्यवस्था हुँदा राम्रो।
- लाईसेन्सको छपाई प्रदेशले गर्दा कसोहोला।
- Vehicle Fitness Testing Centre (VFTC) प्रदेशलाई दिनुपर्ने।
- शिप विकासका तालिमहरू स्थानीय तहले गर्नुपर्ने र शिप परिक्षण प्रदेशबाट हुने व्यवस्था भए राम्रो।

**डा. पुष्पराज पौड्याल**

- स्विकृत दरवन्दि मध्ये ५८ प्रतिशत खालि छन्।
- प्रदेश मन्त्रालयलाई निजामति कितावखानाले चिनेन।
- संघले समन्वय गर्न चाहेन।
- विपत्तीले संघीयताको महत्त्व बढायो।
- स्वास्थ्यका कर्मचारीहरूलाई वढुवा आदि विषयमा अन्यमा भन्दा समस्या छ।
- जोखिमपूर्ण अवस्थामा काम गरायौं तर जोखिम भत्ता दिएको छैन।

**भरतमणी पाण्डे (प्रजिअ रूपन्देही)**

- जिल्लामा तीन तहका कार्यालयहरू छन् तिनको समन्वय गर्ने जिम्मा कस्को हो।
- विपद जोखिम व्यवस्थापनको तयारि स्थानीय तहले गर्नुपर्ने हो। धेरैको प्रजिले गरोस भन्ने छ। घटना पछि response गर्ने काम प्रशासनको हो।
- वजार अनुगमन पनि स्थानीय र प्रदेश दुवै तहको जिम्मेवारी हो तर कहिले काही दुवै वेखवर हुन्छन।
- स्थानीय तहले ढुङ्गा गिट्टि वालुवामा लोभ गर्दछन् तर त्यसको संरक्षणमा चासो राख्दैनन।
- अधिकार र जिम्मेवारी एकातिर तर जवाफदेहिता अर्कै तिर छ।
- स्थानीय तहबाट हुने प्रकृतिका न्यायिक सेवासँग सम्बन्धित उजुरिहरू पनि जिप्रका मा पुग्दछन्।
- कर्मचारीको अस्थायी व्यवस्थापनको अधिकार जिप्रकालाई हुनुपर्ने।

**वेद प्रसाद खरेल (सचिव, लोक सेवा आयोग लुम्बिनी)**

- प्रदेशभर कूल ४४०२ दरवन्दी रिक्त छन् तर माग १७०६ को मात्र भएको छ।
- ३ वर्षमा केवल ३ पदमा १२३ जना छनौट भए।

**कोमल धमला (सचिव, आन्तरिक मामिला मन्त्रालय)**

- कूल सरकारहरूको सँख्या ७६१ छन् तर लाग्दछ राज्यनै ७६१ वटा हुन की।
- ७१ वटा ऐन पास भए ५ वटा प्रकृयामा छन्।
- नीति बनि सके पछि कार्यान्वयन नहुँनु दुर्भाग्य।
- Feudal mind setup बाट Federal mind setup मा जान सकेनौ।
- Leaders themselves are not more aware about state and government.

**कमान सिहँ थापामगर (उपसचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद सचिवालय)**

- जतातते बाट आक्रोष प्रदेशै पोखिँदा प्रदेश निरिह हुन गयो।
- स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेशको कानुन अनुसार हुने कानुनि व्यवस्था भएकोले प्रदेश सरकारको तजविजमा हुनुपर्दछ।
- प्रदेश चाहिँदैन संघीयता चाहिँदैन भनेर टिप्पणी गर्ने अहिलेनै हतार हुन्छ की।
- प्रदेश सरकारहरूलाई कमजोर स्वयँ संघीय सरकारले बनाएको छ।
- कि त प्रदेश प्रहरि देउ अन्यथा संविधान सँशोधन गर।

**नरेन्द्र राना**

- अधिकार सूचिमा वहस होस्। आवश्यकता अनुसार पुनर्विचार पनि होस्।
- नियोजित रूपमा प्रदेशलाई कमजोर बनाउने काम बन्द गरियोस्।
- संघीयता कार्यान्वयनमा अलि बढिनै कडा रूपमा प्रस्तुत हुन जरुरी छ।

**डिल्लीराम शर्मा (प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद सचिवालय)**

- Review the unbundling report.
- समायोजन शिघ्र होस।
- सबै तहका मन्त्रालयको सँख्या संविधानमै तोकेर अलि कडा हुनुपर्यो।
- स्थानीय तहले सूचना नै दिँदैनन। एकिकृत सूचना प्रणाली विकास गर्नु पर्यो।
- राजश्वका थप क्षेत्रहरू पहिचान हुनुपर्यो।
- ठुला आयोजना कार्यान्वयनका लागि जग्गा प्राप्तीमा समस्या छ।

**सुरेश अधिकारी (सचिव, संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालय)**

- संघीय निजामति सेवा ऐनले तीन तहबीचको अन्तरसम्बन्धलाई मजबुत बनाउन संघीय निजमाती सेवा ऐनले भूमिका खेल्नेछ।
- प्रदेशका संरचनाहरू जथाभावी टुक्र्याउनु भएन।
- राजनीति र प्रशासन बीचको सम्बन्ध सुमधुर हुनुपर्दछ।

## अनुसूचि ८- लुम्बिनी प्रदेश सभाबाट पारित भएका विधेयकहरुको विवरण

| क्र.सं. | विधेयकको नाम | दर्ता मिति | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|
| १. | खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९-०३-०२ | २०७९-०३-१५ | २०७९-०३-२७ |
| २. | आर्थिक वर्ष २०७९।०८० को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९-०३-०१ | २०७९-०३-१५ | २०७९-०३-२७ |
| ३. | प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७९/०८० | २०७९-०३-०१ | २०७९-०३-१५ | २०७९-०३-२७ |
| ४. | संचार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७९-१-१६ | २०७९-०३-१५ | २०७९-०३-२७ |
| ५. | प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ | २०७९-१-१६ | २०७९-०३-१५ | २०७९-०४-०८ |
| ६. | आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यको लागि लुम्बिनी प्रदेश प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (दोस्रो) | २०७८-०६-२० | २०७८-०६-२० | २०७८-०६-२२ |
| ७. | प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (दोस्रो) | २०७८-०६-२० | २०७८-०६-२० | २०७८-०६-२२ |
| ८. | प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७८ | २०७८/०४/१५ | २०७८-०६-२० | २०७८-०९-०१ |
| ९. | वन सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक | २०७८-३-१ | २०७८-०७-२९ | २०७८-०८-०१ |
| १०. | प्रदेश नं. ५ प्रदेश पदक ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७७-५-२६ | २०७८-०६-२० | २०७७-०६-२२ |
| ११. | प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७-५-१८ | २०७७-१२-२४ | २०७८-०१-०५ |
| १२. | प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७-५-१८ | २०७७-१२-२४ | २०७८-०१-०५ |
| १३. | स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७७-०३-१६ | २०७७-३-२२ | २०७७-०३-२४ |
| १४. | प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको विधेयक | २०७७-०३-०७ | २०७७-१२-२० | २०७८-०३-०८ |
| १५. | आर्थिक वर्ष २०७७/७८ को सेवा र कार्यको लागि प्रदेश नं. ५, प्रदेश सञ्चित कोषबाट केही | २०७७-०३-०१ | २०७७-३-१५ | २०७७-०४-०१ |

| क्र.सं. | विधेयकको नाम | दर्ता मिति | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|
| | रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | | | |
| १६. | सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७-०२-१५ | २०७७-१२-२४ | २०७८-०३-०८ |
| १७. | प्रदेश नं ५, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७७-०२-११ | २०७७-४-१५ | २०७७-०४-२९ |
| १८. | लोकसेवा आयोगका पदाधकिारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-१०-२६ | २०७७-२-१४ | २०७७-०२-२९ |
| १९. | स्थानीय तहका पदाधकिारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७६-१०-१६ | २०७७-२-१४ | २०७७-०२-२९ |
| २०. | "केही प्रदेश ऐन संशोधन गर्ने विधेयक, २०७७" | २०७७-२-६ | २०७७-२-१४ | २०७७-०२-१५ |
| २१. | वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-१०-७ | २०७७-२-१७ | २०७७-०३-१६ |
| २२. | सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-०४-१६ | २०७६-११-१८ | २०७६-१२-१७ |
| २३. | सडक निर्माण, मर्मत संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७-१-९ | २०७७-२-३२ | २०७७-०३-१६ |
| २४. | बजार नियमन तथा प्रस्तिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७७-१-९ | २०७७-६-७ | २०७७-०९-१० |
| २५. | प्रदेश नं ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७६-०५-१७ | २०७६-०६-०२ | २०७६-०६-०५ |
| २६. | प्र्देश नं ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक | २०७६-०५-११ | २०७६-०५-२२ | २०७६-०६-०१ |
| २७. | प्रदेश नं. ५, सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना तथा संचालन सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक | २०७६-०४-०८ | २०७६-०५-२३ | २०७६-०६-०१ |
| २८. | साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-०३-१३ | २०७६-०५-१८ | २०७६-०६-०१ |
| २९. | प्राइभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-०३-१३ | २०७६-०४-२४ | २०७६-०५-०४ |

| क्र.सं. | विधेयकको नाम | दर्ता मिति | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|
| ३०. | प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-०३-०८ | २०७६-०४-२४ | २०७६-०५-०४ |
| ३१. | आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि प्रदेश नम्बर ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-०३-०१ | २०७६-०३-०९ | २०७६-०३-१२ |
| ३२. | प्रदेश नं. ५, प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६ | २०७६-०३-०१ | २०७६-०३-०९ | २०७६-०३-१२ |
| ३३. | प्रदेशको अभिलेख संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ | २०७६-०२-२३ | २०७६-०४-२१ | २०७६-०६-०१ |
| ३४. | सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-१-२० | २०७७-२-३२ | २०७६-०६-०१ |
| ३५. | प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक | २०७६-१-३ | २०७६-०१-२२ | २०७६-०२-२१ |
| ३६. | गाँउ सभा र नगरसभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६-१-३ | २०७६-०१-२२ | २०७६-०२-१४ |
| ३७. | प्रदेश नं ५, प्रदेश पर्यटन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | २०७५-११-१२ | २०७६-०१-०९ | २०७६-०१-२४ |
| ३८. | प्रदेश नं ५, खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-१०-२१ | २०७६-०१-१९ | २०७६-०२-१४ |
| ३९. | प्रदेश नं ५, बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-१०-२१ | २०७६-०१-१९ | २०७६-०२-२१ |
| ४०. | प्रदेश नं ५, प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नविकरण तथा स्तरोन्नति गर्न बनेको विधेयक | २०७५-१०-२१ | २०७६-०१-०८ | २०७६-०२-१४ |
| ४१. | प्रदेश नं ५, खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी बनेको विधेयक | २०७५-१०-१८ | २०७५-१२-२५ | २०७६-०१-२४ |
| ४२. | प्रदेश नं ५, तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-१०-९ | २०७५-१२-२५ | २०७६-०१-२४ |
| ४३. | प्रदेश नं ५, भवन निर्माण कार्यलाई व्यवस्थित एवम् नियमित गर्ने सम्बन्धमा बनेको विधेयक | २०७५-९-२४ | २०७५-११-२६ | २०७५-१२-१४ |
| ४४. | प्रदेश नं ५, औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-९-१० | २०७५-१२-२४ | २०७६-०२-२१ |
| ४५. | प्रदेश नं ५, प्रदेश पशु वधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-९-६ | २०७५-१२-२७ | २०७६-०१-२३ |

| क्र.सं. | विधेयकको नाम | दर्ता मिति | पारित | प्रमाणीकरण |
| --- | --- | --- | --- | --- |
| ४६. | प्रदेश नं ५, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-९-४ | २०७५-१२-२७ | २०७६-०१-२३ |
| ४७. | प्रदेश नं ५, मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-९-४ | २०७५-१२-२७ | २०७६-०१-२३ |
| ४८. | प्रदेश नं ५, दाना पदार्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-९-३ | २०७५-११-२६ | २०७५-१२-१२ |
| ४९. | प्रदेश नं ५, बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-९-३ | २०७६-०१-१० | २०७६-०१-०८ |
| ५०. | प्रदेश नं ५, सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-९-३ | २०७५-१२-२६ | २०७६-०२-१४ |
| ५१. | प्रदेश नं ५, प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-८-२८ | २०७५-१२-१० | २०७६-०१-०८ |
| ५२. | प्रदेश नं ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-८-२८ | २०७५-०९-०९ | २०७५-०९-१९ |
| ५३. | प्रदेश नं ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-८-२८ | २०७६-०१-०८ | २०७६-०१-२४ |
| ५४. | प्रदेश नं ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-८-१८ | २०७५-१२-२६ | २०७६-०१-१९ |
| ५५. | प्रदेश नं ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-८-१८ | २०७५-१२-२७ | २०७६-०१-१९ |
| ५६. | प्रदेश नं ५, संघ सँस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-८-१८ | २०७६-०१-१५ | २०७६-०१-२४ |
| ५७. | प्रदेश नं ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-८-१८ | २०७५-११-२६ | २०७५-१२-१० |
| ५८. | प्रदेश न. ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक | २०७५-०४-१६ | २०७५-०४-२० | २०७५-०४-३१ |
| ५९. | प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक | २०७५-०४-१६ | २०७५-०४-२० | २०७५-०४-३१ |
| ६०. | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५-०३-१९ | २०७५-०४-२० | २०७५-०४-२८ |
| ६१. | प्रदेश नम्बर ५प्रदेश सरकारको आ.व. | २०७५-०३-०१ | २०७५-०३-२० | २०७५-०३-२६ |

| क.सं. | विधेयकको नाम | दर्ता मिति | पारित | प्रमाणीकरण |
|---|---|---|---|---|
| | २०७५/७६ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्न्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | | | |
| ६२. | प्रदेश नं. ५ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक (आर्थिक विधेयक, २०७५) | २०७५-०३-३१ | २०७५-०३-१४ | २०७५-०३-२६ |
| ६३. | प्रदेशको कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-०२-२४ | २०७५-०२-३० | २०७५-०२-३१ |
| ६४. | प्रदेश नं ५ प्रदेश वित्त व्यवस्थापन विधेयक २०७५ | २०७५-०२-२४ | २०७५-०२-३० | २०७५-०२-३१ |
| ६५. | प्रदेश नं ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-०१-१४ | २०७५-०४-१४ | २०७५-०४-२८ |
| ६६. | प्रदेश नं ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-०१-१४ | २०७५-०४-१४ | २०७५-०४-२२ |
| ६७. | प्रदेश नं ५ प्रदेश सरकारका मुख्य मन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-०१-१४ | २०७५-०४-१४ | २०७५-०४-२२ |
| ६८. | प्रदेश नं ५ प्रदेश सरकारको आर्थिक वर्ष ०७४/७५ को सेवा र कार्यहरुको लागी प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७५-०१-०२ | २०७५-०१-०३ | २०७५-०१-०६ |
| ६९. | प्रदेश न. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७४-१२-३० | २०७५-०१-२५ | २०७५-०१-३१ |
| ७०. | प्रदेश नं ५ का सार्वजनिक लिखित प्रमाणीकरण कार्यविधिको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७४-१२-३० | २०७५-०१-२१ | २०७५-०१-३१ |
| ७१. | प्रदेश नं ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७४-११-२५ | २०७५-०२-१६ | २०७५-०२-२८ |
| ७२. | प्रदेश नं. ५ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक | २०७४-११-२५ | २०७४-१२-०८ | २०७४-१२-१९ |